मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ | अंक १८१ | २०८० साल वैशाख ३० गते शनिबार | Saturday 13, May. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

भित्र
पृष्ठ २ मा
भ्रष्टाचार विरोधी अभियानमा समर्थन : पूर्वमन्त्री
पृष्ठ ३ मा
बिहान पढाइ गर्न महानगरको निर्देशन
पृष्ठ ४ मा
सुन, छोरीका कुरा, गुड लुकिङ र फेमसहरु !
– ऋतु लामा
पृष्ठ ५ मा
रामनामी ओढेका फ्रडहरु
– रामकुमार एलन
पृष्ठ ६ मा
फिल्म 'आदिपुरुष'को ट्रेलर सार्वजनिक
पृष्ठ ७ मा
संकटालाई पुलिसले गर्‍यो पराजित
पृष्ठ ८ मा
मनमोहक मौलापुर बसपार्क

### जनकपुरधाममा शीर्ष नेताहरुको जमघट

# प्रदेश सरकार गठबन्धनमा भागवण्डाको अभ्यास

*मधेश केन्द्रित दलहरु मुख्यमन्त्रीका लागि दाबी गरिरहँदा माओवादी केन्द्र र एकीकृत समाजवादी भने मौन छन् ।*





**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकार पुनर्गठन हुने चर्चा चुलिएपछि मधेश प्रदेशको राजधानी जनकपुरधाममा शीर्ष नेतृत्वको चहलपहल बढ्दो छ ।

संघीय राजधानीमा रहेका मधेशकेन्द्रित दल लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुर बिहीबार प्रदेश राजधानी जनकपुरधाम आइपुगे ।

सोही दिन जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवसमेत आइपुगे । त्यस्तै, जनमत पार्टीका अध्यक्ष सिके राउत पनि जनकपुधाममै रहेको बताइएको छ ।

मधेश प्रदेश सरकार फेरबदल हुने वा पुनर्गठन हुने चर्चा भईरहँदा जसपा नेपाल, लोसपा र जनमत पार्टीले मुख्यमन्त्रीमा लबिङ गर्दै दाबीसहित दौडधुप थालेका छन् । उपनिर्वाचनका कारण प्रदेश सरकार पुनर्गठन थाँती थियो । तर उपनिर्वाचनसमेत सम्पन्न भइसकेपछि मुख्यमन्त्रीकै विषयमा नेताहरुमा कुराकानी नमिल्दा लम्बिएको थियो ।

स्रोतको अनुसार, मुख्यमन्त्रीमा मोटामाटी जसपाले निरन्तरता पाउने भएपछि कांग्रेसले पाँचवटा मन्त्रालयमा दाबी गरिरहेका छन् । पाँचदलीय गठबन्धनभित्र मन्त्रालयको समेत बार्गेनिङ भइरहँदा प्रदेशसभामा सभामुखसमेत फेर्ने कुरा सत्तारुढ गठबन्धनबीच भएको एक नेताले जानकारी दिए ।

> मधेश प्रदेश सरकार फेरबदल हुने वा पुनर्गठन हुने चर्चा भईरहँदा नेपाली कांग्रेस, जसपा नेपाल, लोसपा र जनमत पार्टीले मुख्यमन्त्रीमा लबिङ गर्दै दाबीसहित दौडधुप थालेका छन् ।

यता जसपा अध्यक्ष यादव र लोसपा अध्यक्ष ठाकुर अलगअलग पार्टीको बैठक र पुनः दुवै शीर्षनेता एक ठाउँमा बसेर छलफल गरेर मधेश प्रदेश सरकारको विषयमा निष्कर्षमा पुग्ने लोसपाका एक नेताले बताए ।

छलफलमा एक दुई दिनभित्रै मधेश सरकार परिमार्जनसहितको रुपरेखा तयार गरिने बताइएको छ । जनमत पार्टीका अध्यक्ष राउतसँग लोसपाका अध्यक्ष ठाकुरले मधेश प्रदेशमा सरकार पुनर्गठन हुँदा लोसपा पनि सरकारमा सहभागी हुने सत्ता गठबन्धनमा सहमति भइसकेको बताए । मधेश प्रदेश सरकार र प्रदेशसभाको विषयमा अध्यक्ष यादव, अध्यक्ष ठाकुर र जनमतका अध्यक्ष राउतबीच छलफलबाट सहमति गरी अघि बढ्ने जनाइएको छ ।

जसपा अध्यक्ष यादव भने जनमतका अध्यक्ष राउतमाथि चिढिएका छन् । उपराष्ट्रपति र प्रतिनिधिसभाको उपनिर्वाचनमा जनमतले गठबन्धनभित्रै रहेर पनि गठबन्धनविरुद्ध दुश्मनी साँधेकोप्रति उनी रुष्ट छन् । उनले सकेसम्म जनमतलाई बेवास्ता गर्दै अघि बढ्ने योजनामा रहे पनि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डमाथि नै जनमत पार्टीको विषयमा के गर्ने भन्ने अधिकार रहेकाले उनीमाथि नै आशा रहेको घुमाउरो पारामा बताए ।

यता जनमत मुख्यमन्त्री आफूले पाउनुपर्ने दाउमा रहेको छ । यसका लागि संघीय सरकारलाई घुर्की दिने काम भइरहेकै छ । मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री बसन्त कुशवाहाले जनताको मत आफूहरुको साथ रहेकाले आफूहरुले मुख्यमन्त्रीका लागि दाबी गर्नु स्वभाविक नै रहेको बताए ।

मधेश केन्द्रित दलहरु मुख्यमन्त्रीका लागि दाबी गरिरहँदा माओवादी केन्द्र र एकीकृत समाजवादी भने मौन छन् ।

मधेश प्रदेशमा प्रदेशसभाको बैठक जेठ २ गते बोलाइएको छ । अहिले एमालेको कोटाबाट सभामुखमा रामचन्द्र मण्डल छन् । कांग्रेसले मुख्यमन्त्री नपाउने भएपछि सभामुखमा नजर लगाएको छ । कांग्रेसले मुख्यमन्त्रीको बदला सभामुख माग गरेको एक नेताले बताए ।

# प्रदेश सरकार पुनर्गठन हुन्छः यादव



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेश प्रदेश सरकार चाँडै पुनर्गठन हुने बताएका छन् ।

शुक्रबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष यादवले पाँचदलीय गठबन्धनमा भएको सहमतिअनुसार नै मधेश प्रदेश सरकार पुनर्गठन हुने बताए ।

पाँचदलीय गठबन्धनमा रहेकाहरु नै संघीय सरकारमा पनि सहभागी भएकाले सोही अनुसार प्रदेश सरकारमा समेत समीकरण फेरबदल हुने उनले बताए ।

अहिले मधेश प्रदेश सरकारमा जसपा, नेकपा माओवादी केन्द्र र जनमत पार्टी छन् । प्रदेश सरकारमा नेपाली कांग्रेस, नेकपा (एकीकृत समाजवादी) र लोकतान्त्रिक समाजवादी पार्टी नेपाल पनि सहभागी हुने छन् । 'शीर्षनेतृत्वबीच कुराकानी भइरहेको छ,' अध्यक्ष यादवले भने, 'चाँडै मधेश प्रदेश सरकार पुनर्गठन हुँदै पूर्णता पाउने छ ।' पूर्वमन्त्री समेत रहेका अध्यक्ष यादवले सिके राउत नेतृत्वको जनमत पार्टीप्रति लक्षित गर्दै गठबन्धनमा भए पनि गठबन्धन बाहिर रहेको जस्तो व्यवहार गरिरहेको र गठबन्धनमा पनि रहेको भन्ने गरेकामा असन्तुष्टि जनाए ।

सञ्चारकर्मीको जिज्ञासामा उनले भने, 'सिके राउत संघीय सरकारमा रहने वा नरहने भन्ने विषय प्रधानमन्त्रीसँग अधिकार रहेकाले उहाँमै निर्भर रहन्छ ।' उनले प्रधानमन्त्रीले गठबन्धनका घटक दललाई मन्त्री बनाउने वा नबनाउने विषयको अधिकार रहेकाले सोही विषयले संघ र प्रदेश सरकारबारे पनि लागू हुने बताए । उनले भने, 'हामी कसैलाई हटाउने वा नहटाउने पक्षमा छैनौँ । तर जनमत पार्टीले उपराष्ट्रपतिको निर्वाचनमा अलग्गै उम्मेदवार खडा गरेको थियो भने उपनिर्वाचनमा पनि गठबन्धनविरुद्ध लागेको थियो, गठबन्धनविरुद्ध उम्मेदवारी दिए पनि मैत्रीपूर्ण प्रतिस्पर्धाको नियमनसमेत पालना गरेन, यो दुःखद हो ।'

नक्कली भुटानी शरणार्थी प्रकरणमा दोषीलाई उम्किन नदिन र सरकारका लागि समेत अग्निपरीक्षाको विषय रहेको यादवको तर्क थियो ।

# रात्रीबजारको दोस्रो संस्करण आरम्भ



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको माईस्थान चोकदेखि आदर्शनगर चोक हुदैं पशुपति घोष चोकसम्म रात्रीबजार आरम्भ भएको छ । हरेक महिनाको अन्तिम शुक्रबार र शनिबार रात्रीबजार लगाउने वीरगंज महानगरपालिकाका नगर प्रमुखको घोषणाबमोजिम शुक्रबार र शनिबार बजार लागेको हो । देशकै आर्थिक नगरी वीरगंज महानगरको अर्थतन्त्रमा मदत पुग्ने उद्देश्यले रात्रीबजारलाई निरन्तरता दिइएको नगरप्रमुख राजेशमान सिंहले जानकारी दिए । प्रमुख सिंहको उपस्थितिमा वैशाख १७ गते आइतबार साँझ बसेको रात्रीबजार व्यवस्थापन समितिको बैठकले रात्रीबजारलाई निरन्तरता दिने निर्णय गरेको थियो । यसअघि नयाँवर्षको अवसरमा महानगरपालिकाले चैत ३० गतेदेखि वैशाख १, २ गते ३ दिन रात्रीबजार आयोजना गरेको थियो । यसैबीच, मन्दीमा रहेको व्यापार व्यवसायलाई रात्रीबजारले चलायमान बनाएको यस क्षेत्रका व्यवसायीको धारणा छ । साथै अझ व्यवस्थित र परिमार्जित रुपमा बजार लगाउन उनीहरुले सरोकार निकायलाई आग्रह समेत गरेका छन् ।

## जनकपुरधाम राति १२ बजेसम्म खोलौं: संघ



जनकपुरधाम उद्योग वाणिज्य संघले जनकपुरधाम बजार राति १२ बजेसम्म सञ्चालन माग गर्दै प्रशासनलाई ज्ञापन पत्र दिएको छ । संघले बजार सञ्चालनपछि सुरक्षा व्यवस्था मिलाइदिन प्रशासनलाई आग्रह गरेको हो ।

संघले बुझाएको ज्ञापनपत्रमा खुला सीमाका कारण भारतीय पर्यटकको आगमन वृद्धि भइरहेको स्मरण गराउदै बोर्डरमा राति १० बजेसम्म भारतीय पर्यटक नेपाल प्रवेश गर्न सक्ने भएकाले जनकपुरधाम सहरी क्षेत्रमा १२ बजेसम्म पर्यटकका लागि आवश्यक होटल, रेष्टुरेन्ट, किराना पसल, फलफूल, फाष्टफुडसहितका पसल खोल्न सुरक्षा प्रबन्ध मिलाइदिन आग्रह गरेको हो । १० बजे राति बोर्डरबाट नेपाल प्रवेश गर्ने पर्यटक जनकपुरधाम आउँदा बस्ने र खाने होटल बन्द हुने गरेकाले एकदमै समस्या भइरहेको संघले जनाएको छ । जनकपुरधाम धार्मिक पर्यटनको केन्द्र रहेकाले पर्यटक नै असुरक्षित र असन्तुष्ट भए व्यापार सफल नहुने संघको भनाइ छ । संघले बुझाएको ज्ञापन पत्र जनकपुरधाम उपमहानगरपालिका र जिल्ला प्रहरी कार्यालय धनुषालाई समेत बोधार्थ गरिएको छ ।



# मधेश डायरी मधेशदृष्टि

## विद्यालय भवन हस्तान्तरण



**बारा।**
परवानीपुर वडा नम्बर ४ चैनपुरस्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालयको भवन हस्तान्तरण गरिएको छ।
नेपाल बैंक लिमिटेडको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विद्यालयको भवन निर्माण गरी गाउँपालिका अध्यक्ष रामक्षेत्री प्रसाद कुर्मी र नेपाल बैंक मधेश प्रदेश प्रमुख प्रदीप कुमार पाठकले विद्यालयका प्रधानाध्यापकलाई शुक्रबार हस्तान्तरण गरे । भवन नेपाल बैंक लिमिटेडको ५० लाख रुपैयाँको सहयोगमा पुनः निर्माण गरिएको हो । नेपाल बैंक वीरगंजले गरेको हस्तान्तरण कार्यक्रममा वडा नम्बर ४ का पूर्ववडाध्यक्ष गजेन्द्र प्रसाद कुर्मीले बैंकले गरेको काम सराहनीय रहेको बताए। २०७५ चैत १७ गते परवानीपुर गाउँपालिकाको वडा नम्बर ४ मा हावाहुरीका कारणले विद्यालय भवन ध्वस्त भएको थियो।

## बरामद मल ल्याउन अश्रुग्यास प्रहार




**रौतहट।** भारतबाट अवैधरुपमा नेपाल भित्र्याइ रौतहटको राजपुर नगरपालिका-५ स्थित स्कुल चोकका विभिन्न स्थानमा भण्डारण गरिएका झण्डै एक हजार बोरा युरिया मल प्रहरीले बरामद गरेको छ।
अवैध रुपमा भित्र्याइएको मल शुक्रबार जिल्ला प्रहरीको टोलीले छापा मारी नियन्त्रणमा लिएको हो। मल नियन्त्रणमा लिई अनुसन्धान तथा कारबाहीको लागी गौर भन्सार कार्यालय ल्याउन लाग्दा स्थानीयले अवरोध गरेपछि केहीबेर स्थिति तनावपूर्ण बनेको थियो। स्थिति नियन्त्रणमा लिन प्रहरीले चार राउन्ड अश्रुग्यास प्रहार गरेको थियो। जिल्लाबाट प्रहरी निरीक्षक दिनेश कुँवरसहितको टोलीले राजपुरस्थित स्कुल चोकनजिक एक घरमा लुकाई राखेको अवस्थामा एक हजार भन्दा बढी युरिया मल बरामद गरेको जिल्ला प्रहरी प्रमुख एसपी वीरबहादुर बुढामगरले बताए।

## पोखरीको जग्गामा पार्क बनाइने

**वीरगंज।**
प्रदेश शभा सदस्य जर्नाद्धन सिंह क्षेत्रीले पर्साको पकहामैनपुर गाउपालिका वडानम्बर २ मधुबनीमा रहेको पोखरीको जग्गामा पार्क निर्माण गराउने प्रतिबद्धता जनाएका छन् । शुक्रबार पकहामैनपुर गाउपालिकाद्वारा आयोजित पकहामैनपुर जनस्वास्थ्य प्रयोगशाला उद्घाटनमा उनले यस्तो बताएका हुन्। नेपाली कांग्रेस पर्साका सभापतिसमेत रहेका सिंहले पकहामैनपुरको अस्पतालमा १५ बेडको स्तरोन्नति गर्न केन्द्र तथा प्रदेशबाट बजेट बिनियोजन गराउन कुनै पनि कसर बाँकी नराख्ने बताए। पोखरियामा जिल्लास्तरीय खेलमैदानका लागि पनि बजेट बिनियोजन गरिने उनले बताए। गाउँपापालिकाका अध्यक्ष सुरेश मेहताको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष सर्फुनेशा, वडा नम्बर १ देखि ५ का वडाअध्यक्षहरु, नेपाल ट्रेड युनियन मधेश प्रदेशका लक्ष्मण कुर्मी, स्वास्थ्य संयोजक सञ्जय कम्मकरेलगायतकाले शुभकामना मन्तव्य राखेका थिए।

## सकियो रोजगार मेला

**वीरगंज।** वीरगंजमा बिहीबारदेखि सुरु भएको दुईदिने रोजगार मेला शुक्रबार समापन भएको छ । रोजगार मेलामा बारा-पर्सा औद्योगिक करिडोरका उद्योगका प्रतिनिधि र परामर्शदाताको सहभागिता थियो। बढ्दो बेरोजगारी समस्यालाई केही भए पनि सम्बोधन गर्न रोजगार मेलाको प्रयास भएको वीरगंज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष हरि गौतमले बताए। रोजगार गरी आत्मनिर्भर बन्न प्रेरित गर्नु नै मेलाको मूल उद्देश्य रहेको उनले बताए।

## गर्भवतीलाई भिडियो एक्सरे सुविधा

**वीरगंज।** वीरगंज महानगरपालिका वडा नम्बर ८ ले गर्भवतीलाई निःशुल्क भिडियो एक्सरे गराइदिने भएको छ।
वडा नम्बर ८ का वडा अध्यक्ष रितेश गुप्ताको पहलमा गर्भवतीलाई निःशुल्क भिडियो एक्सरे गराइदिने भएको हो। यसका लागि वडा नम्बर ८ को कार्यालय र प्रभु हस्पिटल एन्ड रिसर्चबीच सम्झौता भएको छ।
सम्झौतामा वीरगंज महानगरपालिका वडा नम्बर ८ को वडा कार्यालयले सिफारिस गरेको आधारमा वडाका गर्भवतीलाई प्रतिबिरामी ५ सय ९० रुपैयाँमा भिडियो एक्सरे सेवा उपलब्ध हुनेछ। भुक्तानी वडा नम्बर ८ कार्यालयले गर्ने छ।

# भ्रष्टाचारविरोधी अभियानमा सर्मथनः पूर्वमन्त्री

**मधेशदृष्टि**
**जनकपुरधाम।**
राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति डोलप्रसाद (डीपी) अर्यालले भ्रष्टाचारको मुद्दा रास्वपाको रहेको दावी गरेका छन् ।शुक्रबार जनकपुरधाममा रास्वपा जनकपुरधाम उपमहानगरपालिका स्तरीय भेलामा पूर्व श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री समेत रहेका उपसभापति डीपी अर्यालले पार्टी खोल्नुको मुख्य उद्देश्य मध्ये भ्रष्टाचारपनि रहेकाले सरकारले थालेको भ्रष्टाचार विरुद्धको अभियानमा हाम्रो साथ र समर्थन रहेको बताए। उनले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नीति तथा योजनामा हाम्रा केही मागहरु नसमेटिएपछि हाम्रो पार्टी तत्कालै सरकारमा सहभागी नहुने बताए। उनले फेरी पनि नयाँ आर्थिक वर्षको सुरुवात हुने भन्दै उनले नयाँ बजेट र सरकारको नीति तथा योजनाले समेत सरकारमा सहभागी हुने वा बाहिरबाट समर्थन गर्ने भन्ने विषयमाथि केन्द्रित भएर रास्वपाले बैठकबाट निर्णय गर्न सक्ने समेत स्पष्ट पारे । तर तत्कालै भने सरकारमा सहभागी नहुने, बरु बाहिरबाटै नै सरकारले थालेको भ्रष्टाचार विरुद्धको अभियानलाई समर्थन सहित सहयोग गर्ने उनले बताए।




उनले आफुहरु संघीयता विरोधी नरहेको समेत स्पष्ट पारे । उनले मुलुकमा आन्दोलन र संघर्षबाट आएका व्यवस्था परिवर्तन र उपलब्धीस्वरुप संघीयतासमेत रहेकाले आफुहरु संघीयताको विरोधी नभई संघीयताको मो( डालिटी परिवर्तन गर्नुपर्ने हाम्रो माँग रहेको बताए।
मुलुकमा संघीयताका लागि पनि रगत बगाउनु परेकाले हामी संघीयताको विरोधी नरहेको स्पष्ट पार्दै संघीयताको रुपरेखा र यसको पुनःसंरचाना गर्नुपर्ने हाम्रो माग रहेको उनको भनाई थियो।

# दोषीलाई पक्राउ गरी कारबाही गर्न राप्रपाको माग

**मधेशदृष्टि**
**जनकपुरधाम।**
नक्कली भुटानी शरणार्थी प्रकरणमा दोषीलाई कडा कारबाहीको माग गर्दै राष्ट्रिय प्रजातन्त्र पार्टी धनुषाले ज्ञापनपत्र बुझाएका छन्।
शुक्रबार प्रमुख जिल्ला अधिकारी मार्फत भ्रष्टाचारजन्य क्रियाकलापमा संलग्न सबै माथि छानविन तथा कार्यवाहीको माग गर्दै प्रधामन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई राष्ट्रिय प्रजातन्त्र पार्टी धनुषाले ज्ञापनपत्र बुझाएका हुन्।




राप्रपा धनुषा अध्यक्ष रामचन्द्र यादवकाको अगुवाईमा प्रमुख जिल्ला अधिकारी काशीराज दाहाल मार्फत ज्ञापनपत्र बुझाएका छन्।
अध्यक्ष यादवले देशको अन्तर्राष्ट्रिय छवि नै धुमिल गराउने गरी नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाउन संगठित रूपमा राज्यशक्तिको दुरुपयोग गरि सारा नेपालीलाई अन्तर्राष्ट्रियजगतमै शिर निहत्याउनु पर्ने परिसि( थति सृजना गरेकोले दोषीलाई कारवाही गर्न माग गरेका छन्।
उनले दोषीलाई कुनैपनि बाहानामा उम्किन नदिनका लागि राप्रपाले सरकारलाई खबरदारी गरेको र यस प्रकरणलाई लम्ब्याएर अलपत्र पार्ने प्रयास नगर्न समेत सरकारलाई उनले चेतावनी दिए।

# मेयर कपका विजेताले पाएनन् पुरस्कार रकम

**मधेशदृष्टि**
**जनकपुरधाम ।** जनकपुरधाम उपमहानगरपालिकाको आयोजना र जिल्ला क्रिकेट संघ धनुषाको संयोजनमा गत बैशाख १ गते सम्पन्न प्रदेश स्तरीय ‘जनकपुरधाम मेयर कप-२०७९’ क्रिकेट प्रतियोगिताका विजेताले पुरस्कार रकम अझै पाउन सकेका छैनन्। प्रतियोगिता सम्पन्न भएको करिब एक महिना पुग्न लाग्दा पनि पुरस्कार रकम वितरण गर्न आयोजकले ढिलाई गरेको हो। गत १ बैशाखमा जनकपुरधाम-१४ रजौलस्थित निर्माणाधीन रामजानकी अन्तर्राष्ट्रिय रङ्गशालामा भएको प्रतियोगिताको फाइनल खेलमा बारालाई ५ विकेटले पराजित गर्दै जनकपुरधामको क्रिकेट टिमले उपाधि जितेको थियो।
त्यसअनुसार विजेता जनकपुरधामले २ लाख ५१ हजार र उपविजेता बाराले १ लाख ५१ हजार एवम् ट्रफि जितेको घोषणा गरियो। तर, प्रतियोगिता सकिएको २८ दिन बितिसक्दासमेत विजेता टोलीले पुरस्कार रकम पाएका छैनन्। पुरस्कार रकम माग्न जाँदा विभिन्न बहाना मात्रै सुनेर फर्किनुपरेको खेलाडीले गुनासो पोख्छन्।
‘आज दिउँला, भोलि दिउँला भन्दाभन्दै एक महिना बित्न लागिसक्यो। पुरस्कार रकम माग्न जाँदा पैसा उठेको छैन, यसले पैसा दिएन जस्ता बहाना मात्रै सुन्नुपर्छ,’ एक खेलाडीले भने, ‘कसले पैसा दियो-दिएन भन्ने हामीलाई सरोकार नै भएन।आयोजकले दिन्छु भनेको पुरस्कार रकम समयमै दिनुपर्ने




हो। हामी बडो उत्साहका साथ प्रतियोगिता खेल्न गएका थियौँ। त्यही रकम पनि समयमै नपाउनु दुःखद हो।’ प्रतियोगिताका संयोजक सरोज मिश्रले आयोजक उपमहानगरबाट आउनुपर्ने रकम पूरा आइनसकेकाले पुरस्कार रकम दिन नसकिएको बताए।
‘प्रतियोगिता सञ्चालन गर्न जनकपुरधाम उपमहानगरपालिकाले १५ लाख रुपैयाँ दिने भनेको हो।त्यसमध्ये पहिलो किस्तामा करिब १२ लाख ल्याएर खर्च पनि भइसकेको छ,’ मिश्रले भने, ‘बाँकी रकम अझै आउनै बाँकी छ। रकमका लागि हामी पनि लागिपरेका छौँ। तर, केही प्रक्रिया बाँकी रहेकाले आइसकेको छैन। यही रकम रोकिँदा पुरस्कार रकम दिन ढिला भएको हो।’ उनले फ्याक्ट नेपालले १० लाख बराबरको सहयोग गर्ने भनेपनि करिब साढे ४ लाख बराबरको ड्रेस मात्रै सहयोग गरेको बताए। प्रतियोगितामा कूल २७ लाख रुपैयाँ खर्च भएकोले थप रकम अपूग भएको मिश्रको भनाइ छ।प्रतियोगिता आयोजनाका लागि मोडेल क्याम्पसले ६० हजार, एनएमबी बैंक, नविल बैंक र मुक्तिनाथ विकास बैंकलगायतकाले ५०/५० को दरले आर्थिक सहयोग गरेको थियो।यता, नगरप्रमुख मनोजकुमार साहले प्रतियोगिताको विजेता टिमले पुरस्कार रकम नपाएको बारे आफूलाई कुनै जानकारी नरहेको बताए। उनले भने, ‘विजेता टिमले पुरस्कार रकम अहिलेसम्म पाएको छैन भन्ने कुराको जानकारी मैले तपाईंबाटै जानकारी पाएँ। अहिलेसम्म मलाई यसबारे अन्य कसैले जानकारी दिएका थिएनन्।’
उनले उपमहानगरले भने प्रतियोगिताको संयोजन गरेको जिल्ला क्रिकेट संघ धनुषाको खातामा करिब १२ लाख रुपैयाँ पठाइसकेको जानकारी दिए। अन्य खर्चहरुलाई कटौति गरेर भएपनि विजेता टिमलाई यथाशीघ्र पुरस्कार रकम दिनुपर्ने उनले बताए। लिगकम नकआउट आधारमा चैत २३ गतेदेखि बैशाख १ गतेसम्म सञ्चालन गरिएको सो प्रतियोगितामा १२ वटा टिमको सहभागिता रहेको थियो।मधेस प्रदेशका धनुषा, महोत्तरी, सिरहा, सप्तरी, सर्लाही, रौतहट, बारा तथा पर्साका टिमका साथै कोशी, बागमती, लुम्बिनी र गण्डकी प्रदेशका टिम पनि प्रतियोगितामा सहभागी थिए।

# दुई बैंकको ८ करोड रुपैयाँ लिएर भारत फरार

**सञ्जय मिश्रा**
**रौतहट।**
कटहरियाका उद्योगपति विन्देश्वरी साहले सुनियोजित रुपमा दुई बैंक, स्थानीयको सहित ८ करोड रुपैयाँ लिएर भारततर्फ गएको खुलासा भएको छ । उद्योगपति साहले एभरेष्ट बैंक चन्द्रनिगाहपुरबाट ३ करोड, एन आईसी एसिया बैंक गौरबाट ३ करोड र स्थानीयको २ करोड गरी ८ करोड रुपैयाँ लिएर भारततर्फ गएको खुलेको छ । कटहरिया नगरपालिका ५ घर भई गणेश चिउरा उद्योगका सञ्चालक उद्योगपति साह स्थानीय साहु महाजन र दुईवटा बैंकबाट उक्त परीणाम बराबरको रुपैयाँ लिएर दुईसाता अघि फरार भएको गाउँलेले बताए। कटहरिया गरुडा सडकखण्ड अन्तर्गत जलैया चौक नजिकै झण्डै ४ वर्षदेखि चिउरा उद्योग सञ्चालन गरेका उनले पछिल्लो केही समयदेखि भारत जाने योजनामा रहेका थिए । एभरेष्ट बैंक चन्द्रनिगाहपुरबाट लामो समयदेखि कारोबार गर्दै २ करोड ८५ लाख रुपैयाँ कर्जा लिएको स्थानीय गल्ला व्यवसायी रामबाबु साह कलवारले बताएका छन् । त्यसैगरी उनले व्यापार विस्तारको नाउँमा स्थानीय व्यापारीसंग चर्को ब्याजमा करिब दुई करो रुपैया लिएका थिए। गत १३ गते एनआईसी एसिया बैंक गौर शाखाबाट गणेश चिउरा उद्योगको नाउँमा ३ करोड रुपैयाँ लिएको केहीदिन भित्रै परिवारका मानिस लिएर भारत बागेश्वर धाम जाने वाहानामा उद्योगी साह घर बाट बाहिरिएका थिए । उनी बाहिर गएको भोलिपल्ट ट्रक पठाएर कटहरियास्थित घरको सम्पूर्ण सामान राति २ बजे लोड गराई ससुराली बारा पचरौता पठाएको गल्ला ब्यवसायी कलवारले जानकारी दिएका छन् । दुई बैंकका साथै उद्योगीविन्देश्वरी ले स्थानीय प्रमाशंकर साह, रामबाबु साह, राजगीर साह, किशोरी साह, दुखा बानिया, रामापुकार साह, रामबाबु बानिया, अनुठा साह सोनार लगायतका व्यापारीसँग ब्याजमा भनेर दुई करोड रुपैयाँ लिएको कलवारले जनाएका छन्। स्थानीय व्यापारी र बैंक कर्मचारीले चौतर्फी खोजतलाश गर्दा उनको कुनै सुराक लाग्न सकेको छैन्। उद्योगी विन्देश्वरी साहका छोरा सुनिल साहका ससुराली सर्लाहीका सपरिवार भारत मुम्बईमा कारोबार गर्दै त्यहाँका स्थायी बासीसरह भएका छन् । उद्योगी बैंक तथा स्थानीयको रकम लिएर त्यहीँ गएर व्यापार गर्ने योजनाअनुसार बेपत्ता भएको कटहरियाका स्थानीयहरुले बताएका छन् । एभरेस्ट बैंक चन्द्रनिगाहपुरका प्रमुख संजीव ढकालसँग सम्पर्क गर्न खोज्दा उनले मोबाईल रिसिभ गरेनन् । गणेशचिउरा उद्योगसँगै उद्योगपति विन्देश्वरी साहको घरमा ताला लागेको तथा परिवारका सबै मानिस सम्पर्कविहीन भएको देखेर बैंकका कर्मचारी र स्थानीय साहु महाजन लगानीकर्ता उद्योगपतिको खोजीमा भौंतारिरहेका छन्।

# कृषिमा आधारित बजेट ल्याइने : मन्त्री

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशका कृषि मन्त्री बसन्त कुशवाहाले कृषिमा आधारित बजेट ल्याइने विषयमा छलफल गरेको बताएका छन्।
आर्थिक वर्ष २०८०/८१ को बजेट सम्बन्धमा संघीय मन्त्रालयद्वारा आयोजित सबै प्रदेशका मन्त्री, सचिव सम्मिलित बैठकमा भएको छलफलको विषयमा शुक्रबार जानकारी दिदैं मन्त्री कुशवाहाले मधेश प्रदेशलाई कृषिमा आत्मनिर्भर बनाउने दिशातर्फ केन्द्रित रही आगामी बजेट ल्याउने विषयमा व्यापक छलफल भएको जानकारी दिएका छन्।



# बिहान पढाइ गर्न महानगरको निर्देशन




**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाले नगरभित्रका सम्पूर्ण सामुदायिक र संस्थागत (निजी) विद्यालयलाई बिहानी कक्षा सञ्चालन गर्न निर्देशन दिएको छ।
शुक्रबार सूचना जारी गर्दै वीरगंज महानगरपालिका कार्यालय अन्तर्गतको शैक्षिक प्रशासन महाशाखाले नगरभित्रका सम्पूर्ण सामुदायिक र संस्थागत विद्यालयलाई बिहान ६ बजेदेखि कक्षा सञ्चालन गर्न निर्देशन दिएको हो। विभिन्न समयमा विद्यालय सञ्चालन हुँदा एकरुपता नआएको भन्दै महानगरले जेठ १ गते सोमबारदेखि विद्यालयलाई बिहानी कक्षा सुरु गर्न निर्देशन दिएको हो। 'यस महानगरपालिकास्थित केही सामुदायिक विद्यालयले बिहान र केही विद्यालयले दिउँसो विद्यालय सञ्चालन गरिरहेको र सो अनुसार एकरुपता नभएकाले मिति २०८० जेठ १ गते सोमबारदेखि सबै सामुदायिक विद्यालयमा बिहान ६ बजेदेखि पठनपाठन सञ्चालन गर्न गराउन हुन अनुरोध छ,' जारी सूचनामा लेखिएको छ। त्यस्तै, हाल कक्षा १२ को परीक्षा चलिरहेका कारण केही विद्यालयका परीक्षा केन्द्र तोकिएको हुँदा ती विद्यालयलाई परीक्षा अवधिका लागि मात्र हुने गरी अनुकुल समयमा पठनपाठन सञ्चालन गर्ने व्यवस्था गर्न अनुरोध गरिएको छ।

## गुणस्तरीय शिक्षाबारे वक्तृत्वकला प्रतियोगिता

**मधेशदृष्टि**
**वीरगंज।**
'समयमै ज्ञानः गुणस्तरीय शिक्षा सबैको अभियान' शीर्षकमा वीरगंज महानगरपालिकाले वक्तृत्वकला प्रतियोगिता भएको छ।
वीरगंज महानगरस्थित त्रिजुद्ध मावि बिर्तामा वीरगंज महानगरपालिका शैक्षिक प्रशासन महाशाखाद्वारा आयोजित वक्तृत्वकलामा अल्पाइन स्कुलकी निसा पटेल प्रथम भइन्। यस्तै, त्रिजुद्धका दृष्टिविहीन कन्हैया साह दोस्रो भए भने सनलाइट स्कुलकी प्रतिभा काफ्ले तृतीय भएन। उनीहरुलाई क्रमशः १५, १० र ५ हजार रुपैयाँ नगद पुरस्कार वीरगंज महानगरका उपमेयर इम्तियाज आलम वितरण गरे। उनले भने, 'अझ ध्यान दिएर अध्ययन गर्दै विद्यालय, प्रधानाध्यापक, शिक्षकशिक्षिका तथा अभिभावकको नाम रोशन गर्नु होला, महानगरले शिक्षामा लगानी गरिरहेको छ।'
कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी पौडेल, वीरगंज महानगरपालिकाका शिक्षा प्रमुख अरविन्दलाल कर्णको उपस्थिति थियो।



# पिकअपको ठक्करले बसका यात्रुको मृत्यु



**मधेशदृष्टि**
**वीरगंज।**
बाराको जीतपुर सिमरा उपमहानगरपालिका वडा नम्बर २३ भलुही चोकमा पिकअपको ठक्करबाट बसमा सवार यात्रुको मृत्यु भएको छ।
पिकअपको ठक्करले बसमा सवार यात्रु, पर्सा कालिकामाई गाउँपालिका वडा नम्बर २ भेडिहारीका ५२ वर्षीय नागेन्द्र महतो नुनियाको मृत्यु भएको प्रहरीले जनाएको छ।
वीरगंजबाट काठमाडौँको लागि छुटेको ना ६ ख ९३६१ नम्बरको बसमा सवार नुनियाको अर्को दिशाबाट आउँदै गरेको प्रदेश २-३ -००१ -च -२४५२ नम्बरको पिकअपले ठक्कर दिँदा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक पुरुषोत्तम प्रसाद पाण्डेले जानकारी दिए। बसमा सवार नुनियाले झ्यालबाट टाउको निकालेका कारण र पिकअपको गति तिब्र रहेकाले दुर्घटना भएको उनले बताए।
यात्रुबाहक बस, बस चालक, ठक्कर दिने पिकअप र पिकअप चालक बारा, सिमराका तिर महमदलाई नियन्त्रणमा लिएर घटनाबारे अनुसन्धान भइरहेको प्रवक्ता पाण्डेले बताए।

# शालिकबारे छलफल निष्कर्षविहीन




**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम उपमहानगरपालिकाका वडा नम्बर-२ स्थित साविकको भानुचोकमा शालिक पुनःनिर्माणका विषयमा भएको दुई पक्षीय छलफल निष्कर्षविहीन भएको छ।
जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले छलफलका लागि बोलाएको बैठक निष्कर्षमा पुग्न नसकेको हो। छलफलमा वृहत विचार विमर्श भए पनि निष्कर्ष निस्कन नसक्दा अर्को बैठक बस्ने निर्णय भएको लोकतान्त्रिक युवा संघ धनुषाका अध्यक्ष प्रशान्त झाले बताए।
जनकपुरधाम-२ मा आदिकवि भानुभक्त आचार्यको शालिक निर्माण गर्ने कि मधेश आन्दोलनका प्रथम सहिद रमेश महतोको शालिक निर्माण गर्ने भन्ने विषयमा दुई धार कायमै छ। यसअघि, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख साहले आदिकवि भानुभक्त आचार्यको शालिक निर्माण हुने भन्दै शिलान्यास गरेका थिए। तर, मधेशवादी दल समर्थित युवा विद्यार्थीले विरोध जनाउँदा निर्माण कार्य तत्कालका लागि स्थगित गरिएको छ।
छलफलमा उपमहानगरका उपप्रमुख किशोरी साह, जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठ, वरिष्ठ उपाध्यक्ष मनिष रमण साह, प्रहरी निरीक्षक विक्रम साह, लोसपा युवा संघ धनुषाका अध्यक्ष प्रशान्त कुमार झा, समाजवादी युवा संघ धनुषाका अध्यक्ष दिपेन्द्र कुमार कापडी, विद्यार्थी जनमत संघ धनुषाका अध्यक्ष वीरेन्द्र यादव, लोसपाका युवा नेता मनिष मण्डललगायतको उपस्थिति थियो।

# प्रशासनमा टोकन प्रणाली सुरु




**विनय कर्ण**
**सप्तरी।**
जिल्ला प्रशासन कार्यालयले शुक्रबारदेखि टोकन प्रणालीबाट सेवा सुरु गरेको छ।
राजविराज नगरपालिकाका कार्यबाहक मेयर ईसरत प्रवीण र प्रमुख जिल्ला अकिकारी भूपेन्द्र थापाले संयुक्त रुपमा टोकन सेवा उद्घाटन गरे। कार्यबाहक प्रमुख प्रवीणले जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने सेवा सहज बनाउन राजविराज नगरपालिकाले टोकन मेसिन सहयोग गरेको बताइन्। उनले आमजनताको सुविधाका लागि नगरपालिकाले उपहार स्वरुप मेसिन हस्तान्तरण गरेको बताउँदै यसबाट सेवाग्राहीले प्रभावकारी ढंगले सेवा पाउने विश्वास व्यक्त गरिन्।
प्रमुख जिल्ला अधिकारी थापाले सेवा प्रवाह सहज बनाउन टोकन प्रणाली सञ्चालनमा ल्याइएको बताए। उनले बिचौलियाको अति नै प्रभाव रहेकाले त्यसलाई निरुत्साहित गर्दै सेवा प्रवाह पारदर्शी ढंगले बिचौलियामुक्त बनाउन टोकन प्रणालीले मद्दत गर्ने विश्वास व्यक्त गरे।
प्रशासनमा निरक्षर सेवाग्राही पनि आउने गरेकाले यहाँबाट प्रवाह हुने सेवा सम्बन्धमा डिजिटल चार्ट र त्योसँगै मैथिली भाषाको अडियो बजाएर सेवाग्राहीलाई जानकारी गराइने काम भइरहेको उनले जानकारी दिए।
केही दिनभित्रै सेवाग्राहीको लागि शुद्ध खानेपानीको व्यवस्था गर्न लागिएको जानकारी दिँदै प्रमुख जिल्ला अधिकारी थापाले भने, 'कसैले कुनै पनि सेवा लिने दिने नाममा कसैसँग कुनै बहानामा पैसा माग्छन् भने मलाई तुरुन्त फोन गर्नुहोस् वा मेरो कार्यकक्षमा आउनुस्, त्यस्ता कर्मचारी वा जोसुकैलाई कारबाही गर्छु।'
टोकन प्राणालीबाट राष्ट्रिय परिचयपत्र, राहदानी, नयाँ नागरिकता र नागरिकताको प्रतिलिपिसहितका सेवा सेवाग्राहीलाई प्राप्त हुने छ।

# मिटरब्याजका ३ हजार ७ सय ६९ उजुरी



**मधेशदृष्टि**
**जनकपुरधाम।**
अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोगको कार्यालयमाँ मिटरब्याजीविरुद्ध उजुरीको चाङ बढेको छ।
सरकारले मिटरब्याज पीडितको माग सम्बोधन गर्न चैत २० गते तीन सदस्यीय जाँचबुझ आयोग गठन गरेको थियो। मधेश प्रदेशमा कार्यालय स्थापनाको १२ दिनमै मिटरब्याजीविरुद्ध ३ हजार ७ सय ६९ उजुरी परेका छन्। धनुषाका ८ सय १३, सर्लाहीका ६ सय ३८, पर्साका ६ सय, सिरहाका ४ सय ४३, महोत्तरीका ३ सय ९३, सप्तरीका ३ सय ८२, बाराका ३ सय र रौतहटका २ सय उजुरी दर्ता भएको कार्यालयले जनाएको छ। प्राप्त उजुरीहरु जेठ ७ गतेपछि जिल्ला प्रशासन कार्यालयहरुले आयोगमा अध्यावधिक गर्नेछन्।

# विद्यालय फोरेर चोरी



**सर्लाही।** हरिपूर्वा नगरपालिका-३, धनकौलस्थित राष्ट्रिय आधारभूत विद्यालयमा बिहीबार राति चोरी भएको छ।
ढोकाको चुकुल फोडेर भित्र रहेका कम्प्युटर र अन्य सामग्री चोरी भएको प्रधानाध्यापक हरिनारायण महतोले जानकारी दिए। अज्ञात व्यक्तिले विद्यालयभित्र रहेको १० थान कम्प्युटर र खेलकुद सामग्री चोरेर लगेका छन्। शुक्रबार बिहान पठनपाठनका लागि विद्यालयमा पुग्दा कोठाको चुकुल बंग्याएर भित्रका सरसामग्री चोरी गरेर लगेको पत्ता लागेको विद्यालयको भनाइ छ। विद्यालयबाट करिब १५ लाख रुपैयाँ बराबरको कम्प्युटर र खेल सामग्री चोरी भएको प्रधानाध्यापक महतोले बताए। विद्यालयमा भएको चोरीको घटनाले स्थानीय निरास भएका छन्।

# फरार अभियुक्त परीक्षा दिँदादिँदै पक्राउ



**मधेशदृष्टि**
**रौतहट।**
कर्तव्य ज्यान मुद्दामा फरार सूचीमा रहेर हेटौँडामा कक्षा १२ को परीक्षा दिइरहेका अभियुक्त पक्राउ परेका छन्। वृन्दावन नगरपालिका-३ का २२ वर्षीय विवेक यादवलाई हेटौँडामा परीक्षा केन्द्रबाट पक्राउ गरेर ल्याइएको इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी ओमप्रकाश खनालले बताए। हेटौँडास्थित मकवानपुर बहुमुखी क्याम्पसमा कक्षा १२ को परीक्षा दिइरहेको सूचनाका अधारमा इलाका प्रहरी कार्यालय गरुडाबाट खटिएको प्रहरी टोलीले उनलाई पक्रेर ल्याएको हो। यादवलाई आवश्यक कारबाहीका लागि जिल्ला अदालत गौरमा बुझाइएको इलाका प्रहरी कार्यालय गरुडाले जनाएको छ।



# सुन, छोरीका कुरा, गुड लुकिङ र फेमसहरु !

*खाडीका सबै देशहरुमा बलात्कार एकदमै जघन्य अपराध मानिन्छ । साउदीमा त बलात्कारीलाई फाँसी नै दिइन्छ, केही समय अगाडी रोजगारीका लागि साउदी अरब गएका एकजना नेपालीले उँटलाई बलात्कार गरेको प्रमाणित भएसँगै फाँसीको सजाय सुनाएको थियो । नाबालिग कति वर्षको उमेर समूहलाई मान्ने, त्यो चैं विभिन्न देशको फरक हुन्छ ।*



**– ऋतु लामा**

सन् २०१२ डिसेम्बर १६ मा छिमेकी राष्ट्र भारतमा भएको एउटा बलात्कार घटना निकै चर्चा भएको थियो । जुन थियो निर्भया बलात्कार घटना । पीडितको नाम ज्योति सिंह (२३वर्ष) थियो । उनलाई बसभित्र निर्मम तरिकाले सामुहिक बलात्कार गरेर सडकमा कपडाविहीनन बनाएर फालिदिएको थियो । यो घटनाको समाचार सुन्दा मेरो आँसु रोकिएको थिएन । मलाई व्यतिगतरुपमा विक्षिप्त बनाएको थियो । केही समयपछि २९ डिसेम्बरमा उपचारक्रममा सिंगापुरमा उनको निधन भयो । अपराधीमा एकजना नाबालिग पनि थियो जो ३ महिनापछि १८ वर्ष पुग्नेवाला थियो र यो केसको ट्रायल हुनेबेला बालिग भयो तर उसलाई ३ वर्ष मात्रै कैद गरेर छोडिएको थियो । यहाँ सरसर्ति हेर्दा कानुन सही छ तर के पीडितले न्याय पायो त ? अहँ पाएन । ट्रायलको भइरहदाँ ती बलात्कारीका वकिलहरुले छोरी मान्छे भएर बाहिर जानु नै गलत हो, ज्योति सि+हको गल्ती छ भनेका रहेछन् । हो त नि छोरी भएर जन्मिनु नै त अपराध भैँ भएको छ ।

इन्डियन पेनल कोड ३७० ले कुनै पनि महिलाको कन्सेन्ट भएर पनि कुनै पुरुषले आफ्नो पद, पावर र पैसाको आडमा महिलालाई सम्बन्ध राख्न दबाब गरेको छ भने त्यो रेप नै हो भनेर भनेको छ । र, नाबालिगको हकमा भन्ने हो भने जुनसुकै देशमा पनि विथ कन्सेन्ट भन्ने सवाल नै उठ्दैन । नाबालिगसँगको सम्बन्धलाई अपराध मानिन्छ साथै रेपकै केस लाग्ने व्यवस्था छ । खाडीका सबै देशहरुमा बलात्कार एकदमै जघन्य अपराध मानिन्छ । साउदीमा त बलात्कारीलाई फाँसी नै दिइन्छ, केही समय अगाडी रोजगारीका लागि साउदी अरब गएका एकजना नेपालीले उँटलाई बलात्कार गरेको प्रमाणित भएसँगै फाँसीको सजाय सुनाएको थियो । नाबालिग कति वर्षको उमेर समूहलाई मान्ने, त्यो चैं विभिन्न देशको फरक हुन्छ । नेपालमा १८ वर्षमुनिकालाई नाबालिग मानिन्छ ।

आजभोलि सामाजिक सञ्जालमा फेर्/ पनि गायिका समीक्षा अधिकारी पपुलर नाउको सर्चको टपमा देखा पर्छिन् । तर उनका लागि आजभोलि निकै सकरात्मक पोस्ट, टिकटक भिर्( डयो र कमेन्टहरु देखिन्छ । हिजो हल्का सन्चो नभएर रुममा एक्लै रहँदा टिकटकहरु हेर्दै गर्दा उनका लागि बनाइएको धेरै भिडियो मेरो फ्यान पेजमा आयो । प्रायः सबैले समर्थन गरेको देख्दा खुशी पनि लाग्यो । केही दिन अगाडि उनको अन्तरवार्ता पनि हेरेको थिएँ । यस विषयमा जोडिएर पल शाहका म्यानेजर कृष्ण र कलाकार जयकिशन बस्नेतलाई धेरैले गालीगलौजसँगै नकारात्मक आलोचना गरेको पाएँ । जयकिशन बस्नेतलाई त उनको छोरी, भतिज, भतिजी र बुहारीलाई समेत मेन्सन गरीगरी सम्झाउ भन्ने अपिल गरेका रहेछन् । म विशेषगरी उहाँहरु (शोभित बस्नेत, सलोन, जयकिशन) को सम्मान गर्छु किनभने उहाँहरुले आफ्नो चलचित्र, गीतसंगीतमा हाम्रो ठाँउ (थाहानगर) लाई चिनाउन मह( त्वपूर्ण भूमिका खेल्नुभएको छ । यसका लागि सम्पूर्ण थाहाबासी ऋणी नै छौँ । तर जयकिशन बस्नेतले यो विवादित विषयमा बोलेको कुनै कुरा सम्मानयोग्य छैन । एकदमै निन्दनीय छ । केही समयअगाडि अस्पतालमा आफ्नी छोरीलाई दुर्व्यवहार भएको घटनाप्रति गरेका प्रतिकार एकदमै सराहनीय थियो । जुन एक असल सचेत नागरिक र असल पिताको गुण भैँ लाग्यो । ती नाबालिग किशोरीले पनि त आफू र आफ्नो अस्मितालाई बजारको सामानजस्तो लिलाम नहोस् भनेर प्रतिकार गर्दै अगाडि बढ्ने कोशिष गरेकी हुन् नि हैन ? हुन त एकतर्फी कुरा सुनेर एक पक्षलाई राक्षस भैँ जज गर्ने त आम नेपाली मान्छेको बानी नै भइसक्यो । यहाँ ती नाबालिग शतप्रतिशत सही भन्न खोजिएको होइन । छोरी मान्छे भएकै कारण उनले आफ्नो कुरा राख्न नपाउने हो ? आफूमाथि भएको अन्यायलाई बाहिर ल्याउन नपाउने हो त ? ती नायक गुड लुकिङ एण्ड फेमस छ भन्दैमा अनुसन्धान, सत्यतथ्य छानबिन गर्न नपाउने हो र ? सत्य के हो उनीहरुलाई थाहा छ । सम्मानित अदालतले पनि फैसला सुनाइसक्यो ।

> “ एकतर्फी कुरा सुनेर एक पक्षलाई राक्षस भैँ जज गर्ने त आम नेपाली मान्छेको बानी नै भइसक्यो । यहाँ ती नाबालिग शतप्रतिशत सही भन्न खोजिएको होइन । छोरी मान्छे भएकै कारण उनले आफ्नो कुरा राख्न नपाउने हो ? आफूमाथि भएको अन्यायलाई बाहिर ल्याउन नपाउने हो त ? ती नायक गुड लुकिङ एण्ड फेमस छ भन्दैमा अनुसन्धान, सत्यतथ्य छानबिन गर्न नपाउने हो र ?

सुरुवातमा जब कोरोनाको महामारी फैलियो र यहाँ युएइबाट करिब १ सय २० जना गर्भवती महिलालाई नेपाली दुतावासको सहयोगमा नेपाल पठाइयो । सामाजिक सञ्जालमा धेरै नै नकरात्मक हेडलाइनले ठाँउ पायो र मैले त्यसबारे आफ्नो सामाजिक सञ्जालमा एउटा पोस्ट गरेको थिएँ । त्यो पोस्टलाई एउटा चिनेको सरले आफ्नो न्युजपोर्टलमा एज अ आर्टिकल राखिदिनुभयो । पछि धेरै फेसबुक पेज, ग्रुपमा त्यो आर्टिकल शेर भयो । मलाई धेरै राम्रो फिडब्याक आयो तर मलाई त्यही आर्टिकलका कारण केहीदिन तनाव महसुस भयो । राम्रोसँग काम गर्न सकिनँ, दिनहरु एकदम निराशामा बित्यो । कारण के थियो भने त्यो पोस्टलाई चिनेको दाइले आफ्नो झन्डै २ लाख तामाङहरु मेम्बर भएको एउटा ग्रुपमा पोस्ट गरिदिनुभयो मलाई नसोधी । त्यहाँ एकदमै नराम्रो गाली, तुच्छ शैलीमा खाडीमा काम गर्ने महिलालाई कमेन्ट गरिएको थियो । मेलै त्यो दाइलाई भनेर पोस्ट डिलिट गर्न लगाएँ र सदाका लागि त्यो ग्रुपबाट लिभ भएँ । म यसबेला उमेरको हिसाबले २७ वर्षको थिएँ, भनौँ मैले दुःखसुखसँगै धेरै संघर्ष गरिसकेको परिपक्कलाई त यो कुराले यति नराम्रो प्रभाव पार्यो भने ती नाबालिग किशोरीलाई कस्तो भयो होला ? यति धेरै नकारात्मक कमेन्टहरु, गालीगलोज, मार्ने धम्कीहरु आउँदा कस्तो महसुस भयो होला ।

हरेक घटनाका दुई पाटा हुन्छन् तर हामी नेपाली एक पक्षलाई भगवान बनाएर पूजा गर्छौं त अर्को पक्षको कुरै नबुझी राक्षस बनाउछौं, बाँच्नै नदिने वातावरण सिर्जना गर्छौं । प्रश्न यो हो कि छोरी मान्छे भएर जन्मिनु पाप हो ? अपराध हो ? आफ्नो छोरी होस् या अरुको सम्मान सबैलाई गर्नुपर्छ । यदि सकिन्न भने अपमान गर्ने कुनै अधिकार पनि हुँदैन कसैलाई । नोटः म न त गायिकाको फ्यान समर्थक न त नायकको नै। बयान फेर्नु ती गायिकाको गल्ती हो । सत्य त यो पनि हो कि ती गायिकाले बयान नफेरेको भए ती नायक यति छिट्टै बाहिर आउने थिएनन् ।

हालः युएइ

## सा‍ताको कविता:
# झोक चलेर आउँछ यार



**– एसके निधन**

यी
कमरेडहरु
कति अचाक्ली हौसिएका ?
कोही गाईको पुच्छर समातेर
बैतडी सपना देख्छन्
कोही हलोको अनौ च्यापेर
सुनखानी खोतल्ने कुरा गर्छन्
कोही खिर्रोको रुखमा चढेर
हसिया हथौडाको बिँड खोज्छन्
कोही भक्किउलाको मुढो बालेर
ग्रहशान्तिको पूजा लाउँछन्
अचम्म !
भीड त यिनीहरुकै पछि छ
हुन त अचम्मित पो किन हुनु ?
भीड त मलामीको पनि हुन्छ
र
यो भीड,
मार्क्सको
लेलिनको
माओको
अन्तिम संस्कारको हुन पनि सक्छ
फ़ेरि, को बोल्यो प्याच्च ?
कुन चाहिँ मूर्खले भन्यो
विचारको अन्त्य हुँदैन ?
गोबरको चकटीमा बसेको
खड्क प्रसाद खिर्रो
चोपको चन्दन लगाएको प्रचण्ड
तपाईंलाई कम्युनिस्ट लागिरहनु
विचारको अन्त्य हुनु होइन र ?
झोक चलेर आउँछ यार

# स्युडो नलेजका पाँच लक्षण, ६ संक्रमण



**–डा. युवराज संग्रौला**

१. पहिलो चरणमा, अपराधीहरु एक्लाएक्लै अपराध गर्न छोडेर, संगठित ग्याङ निर्माण गर्छन् र १लागू पदार्थ, हप्ता असुली, एवम् कसैसँग पैसा लिएर उसका पक्षमा संगठित बलको सहयोग गर्न थाल्छन् ।

२. दोश्रो चरणमा आइपुग्दा, यी ग्याङमा झगडा हुन थाल्छ र ग्याङ फुट्छन् । उनीहरु त्यसपछि राजनीतिक शरणमा पुग्छन् र पार्टी कार्यकर्तामा रुपान्तरित हुन्छन् ।

३. तेस्रो चरणमा पार्टीलाई पैसा लगानी गर्छन्, चुनावमा गुन्डा परिचालित गर्छन्, आर्थिक संस्था निर्माण गर्छन् र नेताहरूलाई पनि समावेश गर्दै लगानी गर्छन्, नेताका पैसा व्यवस्थापन गर्न थाल्छन् । खासगरी नेताका छोराछोरी र आफन्त संलग्न गर्छन् र नेताका माध्यमबाट पार्टीमा राम्रो पकड निर्माण गर्छन्, यसबेलासम्ममा कतिपय नेता र उनका मान्छेलाई समेत संगठित अपराधमा परिणत गर्छन् ।

४. चौथो चरणमामा वित्तीय संस्थामा आफ्नो संलग्नता स्थापित गर्दछन् । अर्कोतिर कर्मचारीतन्त्रमा राम्रो सम्बन्ध स्थापित गर्दछन् । यस चरणमा आइपुग्दा यिनीहरु पार्टीमा हाबी भइसकेका हुन्छन् । यस बेलासम्म यो समस्याको समाधान सम्भव छ । तर कानुन कार्यान्वयन हुन्न । किनकी वित्तीय संस्थाको यो अवस्था वित्त पुँजीवाद र नवउदारबादका लागि राम्रो कुरा हो ।

५. पाँचौं चरणमा पुग्दा, संगठित अपराधीहरु नीति निर्माण गर्ने निकायमा पुग्छन् । उनीहरुको उपस्थिति अनेक किसिमका आयोग, मन्त्रीका सल्लाहकार, संसद, वित्तीय संस्थाका बोर्डमा हुन्छ । यस अवस्थामा पुग्दा, उनीहरुले पार्टीको लगानीकर्ता, नेताले खाएको घुस र लगानी व्यवस्थापनकर्ता र राष्ट्रमा उनीहरु चिनिएका गण्यमान्य व्यक्ति भइसकेका हुन्छन् ।

यो चरणमा आइपुग्दा पुँजीको ठूलो हिस्सा भूमिगत हुन पुग्छ । यो चरण आएपछि, यो अपराध रोक्न सकिन्न र ठूलो परिवर्तन आवश्यक हुन्छ ।

१. अहिले हुण्डीबाट ठूलो रकम प्रत्येक दिन दोहा जान्छ ।

२. एलसी खुल्छ, सामान बोकेको ट्रक आउँछ, भन्सार पनि तिरिन्छ तर पनि सामान आउँदैन । यो विदेशी मुद्रा विदेश लैजान गरिएको खेल हो । यस समयमा व्यापारी र नेताको सहकार्य हुन्छ । संगठित अपराधी कारोबारका एजेन्टका रुपमा काम गर्छन् ।

३. यस धन्दाले भ्रष्टाचारलाई जताततै फैलाउँछ र कर प्रणालीलाई असर गर्छ । त्यो असर रोक्न सरकार गरिब र कामदारमाथि करको भार थप्छ ।

४. पैसा विदेशिन्छ र यता देशमा लागू पदार्थ र अन्य अबैध धन्दा वृद्धि हुन्छ । अहिले नेपाल लागू पदार्थको केन्द्र बनेको छ । लागू पदार्थको ठूलो अंश दोहा हुँदै नेपाल आउँछ । यताको पैसा पनि दोहा जान्छ । अतः भ्रष्टाचार, पैसा पलायन र लागू पदार्थको सम्बन्ध स्थापित हुन्छ ।

५. यो सबै धन्दाका लागि निजीकरण र नव उदारवाद चाहिन्छ ।

६. निजीकरणवादीहरुले पश्चिमी शक्तिको साथ लिएर नयाँ राजनीतिक शक्ति निर्माण गर्छन् । स्थापित दलका नेतामा भ्रष्टाचार र संगठित अपराध दैनिक क्रिया बन्छ । उनको यो प्रवृत्तिलाई देखाएर समाजमा राजनीतिप्रति विरक्ति पैदा गरिन्छ । यो विरक्तिको विकल्प खोजिन्छ । गगन थापाजीलाई पार्टीबाट विरक्त लाग्छ ।

पुरानो दललाई पुरानाले कब्जा गर्छन् । नयाँ विकल्पमा लाग्छन् । जनता पुरानालाई चुनावमा पछार्न दौडिन्छन् । विकल्पलाई बोक्ने तागतले निजीकरणलाई बलियो बनाउँछ ।

संगठित अपराधको बढ्दो प्रवृत्तिको पहिला नै अध्ययन गरी छलफलमा ल्याइएको थियो । संगठित अपराध नवउदारवादको नीति अन्तर्गत मौलाएको थियो भन्ने अहिले प्रमाणित भएको छ । तर देशमा नेतालाई भ्रष्टाचार र युवाको ठूलो जमातलाई भ्रम पन्डित्याइँ (स्युडो नोलेजले) ग्रस्त पारेको छ । विकल्प केबल उत्पान्दनमुखी अर्थतन्त्र, देशभक्तिपूर्ण सोच र सामुहिकीकरणलाइ प्रवर्द्धन गर्ने वित्त नीतिमा विश्वास गर्ने शक्ति मात्र हो । यस्तो शक्ति वैज्ञानिक जागरण भएको जमातले मात्र निर्माण गर्छ ।

(संग्रौला पूर्व महान्यायाधीवक्ता हुन्, सामग्री उनको फेसबुकबाट लिइएको हो)

# न्यायधर्मिता र मृत्युको वजन



**– टंक कार्की**

*सीमा छियानले पनि त्यस्ता गद्दारको प्रतिरक्षा गरेर अर्को गद्दारी गरे । सीमा छियानको समेत बचाउमा एकै जना अघि सरेनन् । न कुनै साथी न त कुनै सहयोद्धाले उनको पक्षमा चुइँक्कसम्म बोले । उनलाई गिरफ्तार गरियो र दिनसम्म सास्ती दिइयो । अन्ततः उनको विपक्षमा के फैसला सुनाइयो भने या त उनले मृत्युदण्ड रोज्नु पर्छ या त बन्ध्याकरण/खसी पार्ने- रोजी उनैको ।*

उहिलेको कुरा हो, इसापूर्व ९९ को, चीनको उत्तरी सीमा क्षेत्रमा चिनियाँ शाही सेनाले विद्रोहीसँग आत्मसमर्पण गर्यो । दरबारको निम्ति यो दुःखद खबर थियो र सम्राट रीसले आगो भए । भारदारहरुले सम्राटको बोलीमा लोली मिलाउन सुरु गरिहाले भारदरहरुमा एक जना नयाँ रिकुटे सदस्य थिए, सीमा छियान । उनी थिए सत्यको रक्षा गर्नु पर्दा एन्टिकरेन्टमा बग्न जोखाना हेर्नु न पर्ने । यस घटनाबारे उनले भारदारी सभामा आफ्नो दलिल पेश गर्दै पराजित सैनिक जर्नेलको पक्षमा चट्टानी अडानमा उत्रिए । उनले भने, ‘यी मान्छे बडो साहसी र शुरबीर हुन् । उनले बडेबडेमाका लडाइँ जितेका छन् र कीर्तिमान राखेका छन् । उनी विलक्षण प्रतिभाका धनी हुन्, ठिनेमिने होइनन् । यी भारदार भनेका त आफ्नो र आफ्ना परिवारको लादो भर्न हिरिक्क हुने गैवार हुन् । यिनीहरु अर्काको एउटा सानो गल्तीलाई तिलको पहाड बनाउँछन् । यिनको चालामाला देखेर मेरो मन कटक्क काटिएको छ ।’

सभाले फैसला गर्यो, जर्नेलले आत्मसमर्पण गर्न लगाएर गद्दारी गरे । सीमा छियानले पनि त्यस्ता गद्दारको प्रतिरक्षा गरेर अर्को गद्दारी गरे । सीमा छियानको समेत बचाउमा एकै जना अघि सरेनन् । न कुनै साथी न त कुनै सहयोद्धाले उनको पक्षमा चुइँक्कसम्म बोले । उनलाई गिरफ्तार गरियो र दिनसम्म सास्ती दिइयो । अन्ततः उनको विपक्षमा के फैसला सुनाइयो भने या त उनले मृत्युदण्ड रोज्नु पर्छ या त बन्ध्याकरण/खसी पार्ने- रोजी उनैको । सीमा छियानको जमानामा त्यस्ता दण्डमध्ये कुनचाहिँ रोज्ने सजिलो थिएन । जीवनको मोह कसलाई हुँदैन र ? बन्ध्याकरण ! यो त यति ठूलो कलंक हो जोसँग सँगै बाँच्नु भनेको त मरेतुल्य भन्दा पनि बद्तर । अक्सर गरेर यो तहका दोषीहरु मृ( त्युदण्ड नै रोज्ने गर्दथे । सीमा छियानले भने बन्ध्याकरण रोजे ।



उनी भावी सन्तानका निम्ति इतिहास लेख्न अभिसप्त थिए । भाग्यको लेखा नै यही थियोः उनको विवेकले उनलाई त्यतैतिर उद्विग्न गराउथ्यो । फेरि इतिहास लेखन उनको पुर्ख्यौली काम भने पनि हुन्छ । उनका पिता आफैँ दरबारका नामुद इतिहासकार पनि हुन् । मृत्यु शैयामा सुतिरहेका उनका बुवाले सीमा छियानलाई भनेका थिए, ‘छोरा तिमीले मैले थालेको अधूरो काम पुरा गर्नू ।’ छोराले हुन्छ भनेर कसम खाइसकेका थिए । सीमा छियानले यसै कारणले पनि बन्ध्याकरण रोज्नु परेको थियो ।

बन्ध्याकरणको शारीरिक पीडा त भयानक छँदै थियो, त्यसपछि पनि कतिपय त घाउमा संक्रमण भएर मर्दथे । त्यसबाट बचेकाहरु कलंक र मानमर्दनले गर्दा रेशमी किराको कोकुनमा भैँ बाँकी जीवन बिताउँथे - एकलास र परित्यक्त । सीमा छियानले चुपचाप मृत्युको प्रतीक्षा गरेनन् । उनी अहोरात्र चिनियाँ इतिहासको लेखनमा मरिमेटेर लागे ।

सीमा छियानले भाग्यको आफ्नो लहरीप्रति कुनै गुनासो गरेनन् बरु त्यसका परिणामप्रति आशावादी भाव राख्दथे । पछि उनले के पनि लेखेका छन् भने, ‘यति कष्ट झेलेर भए पनि आफ्नो कृति पछि गाउँगाउँ र ठूल्ठूला सहरमा पुगेछ भने म आफूलाई धन्य ठान्ने छु ।’ उनले आफ्ना बुबासँग गरेको कबुल पूरा गरे । उनले त्यसलाई ‘दि रेकर्डस् अफ दि ग्रान्ड हिस्टोरियन’ मा लिपिवद्ध गरे । यो कृति उबेलाको चीनलाई चिहाउने अनुपम कृति हो, चिनियाँहरु र चिनियाँ इतिहासका पारखीहरु जो कोहीका निम्ति पनि । अधम शासक आएपछि कसरी चीनमा वंशको पतन भयो र इतिहासमा त्यसको शिक्षा जान्न चाहनेहरुका निम्ति उनी बडो ठूलो स्रोत व्यक्ति हुन् । इतिहास उत्खनन् गर्ने क्रममा उनले आफूभन्दा एक हजार वर्षअगाडिको एउटा प्रसंग पनि उल्लेख गरेका छन् ।

कुरो शंग वंशको हो । ‘सम्राट चाउको मिजास सन्की थियो । उनी कुसाग्र बुद्धिका थिए । अरु भन्दा उनी भुसतिघ्रे-बलवान थिए । नाङ्गै हातले डरमर्दा जंगली जीवसँग उनी लाप्पा खेल्न पछि पर्दैनथे । उनी कसैलाई पनि तृण बराबर पनि गन्दैनथे । जड्याहा थिए । रंगरंगीलामा लिप्त । स्त्रीलम्पट ।

आफ्ना सांगीतिक उस्तादलाई नयाँ नयाँ कामुक संगीत भर्न र घिनलाग्दा गीत गाउन लगाउथे । दरबारमा मदिराको सानो सानो पोखरी नै हुन्थ्यो । मासुको सुकुटी हेर्दा मानौँ जंगलै सुकाको जस्तो हुन्थ्यो । महिलालाई निर्वस्त्र पार्थे र घरी एउटी घरी अर्की घिसार्थे । रातभरि जसो मदिरा धोक्थे ।

सम्राटका आलोचक नभएका होइनन् । तर तिनलाई उनी किमा बनाइदिन्थे । आफ्नो मानमनितो र मर्यादा राख्न नसक्ने कुलिनलाई जिउदै सेकुवा पोले भैँ पोल्थे । यी उनै सीमा छियान हुन् । जसको तलको प्रसिद्ध भनाइ माओ चतुङले आफ्नो संक्षिप्त लेख ‘जनताको सेवा गर !’ मा उदृत गरेका छन्ः

‘मानिसको एकपटक मात्रै मृत्यु हुन्छ, तर त्यो दुईखाले हुन्छ । एउटा मृत्यु थाइ पहाड भन्दा गह्रुङ्गो हुन्छ भने अर्को कुखुराको प्वाँख भन्दा हलुङ्गो । मानिसले कस्तो मृत्युवरण गर्छ भन्ने कुरा ऊ कसरी व्यवहार गर्छ भन्ने कुरामा भर गर्छ ।’ वास्तवमै उनी महान चिनियाँ इतिहासकार हुन् ।

## कुराकानी

# संस्कृति, सभ्यता, सम्पदा पाठ्यक्रममा राखिनुपर्छः यादव

उदयकुमार यादव, मधशदृष्टिमा मिथिला सभ्यतामाथि लेखिरहेका स्तम्भकार, शिक्षाविद् र संस्कृतिकर्मी हुन् । उनको कलम निरन्तर चलिरहेको छ । उनको कृति 'सत्यमेव जयते' अमर कृतिमा पर्दछ । पहिलो संस्करण नै लोकप्रिय भयो, त्यतिखेर पढ्ने पुस्ताले अत्यधिक रुचाए । दाइजो प्रथा, बालविवाह, बहुविवाह जस्ता विकृतिविरुद्ध कटाक्ष, व्यंग्य समावेश कृतिले यादवलाई उच्चस्तरको लेखक बनायो । उनको धर्म, संस्कृति र सभ्य( तामाथि लेखिएका गद्यकविताहरु छन् । विवाह पञ्चमी, जानकी नवमी, दीपावली, छठ, कृष्णाष्ठमी, समाचकेवा, रक्षाबन्धनलगायत राजा सलहेस, गोपीचन, रानी सरंगा, कारीक महराज,जीवछी तेलीनीयाँ, राजा भरथरीका गीतिकतामाथि रोमान्टिक एवम् दर्दनाक गीतहरु पनि यादवले लेखेका छन् । उनी यस्ता सभ्यता, सम्पदा, संस्कृतिमाथिका रचनालाई पाठ्यक्रममै समावेश गरेर संरक्षण गरिनु पर्ने बताउँछन् । यादवले मधेशदृष्टिसँग



गरेको कुराकानीः

**मिथिला संस्कृतिको सम्वर्द्धन कसरी भइरहेको छ ?**

जुन गतिमा हुनु पर्ने त्यस गतिमा त देखिँदैन, तथापि ठूल्ठूला उत्सव, पर्व अनि मेलामा अचेल पहिलेको अपेक्षाकृत यससम्बन्धी सुधारसहितका विकास देख्न पाइन्छ । उदाहरणका लागि विवाहपञ्चमी, विजयादशमी, माध्यमिकी परिक्रमा, धनुषाधाम मकर संक्रान्ति मेला, मणि पर्बल रक्षा बन्धन, दीपावली, छठ पर्व, गढीमाई मेलालगायत सलहेस फूलबारीमा समयसापेक्ष स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारबाट केही न केही बजेट छुट्याई विशेष धुमधामसहित प्रदर्शन हुनुले लाग्छ कि सम्वर्द्धन भइरहेको छ। खासगरी जनकपुरका जानकी मन्दिरका लागि जे, जति र जसरी वर्ल्ड हेरिटेजका निम्ति पूर्वाधार तयार हुनुपर्ने हो, त्यतिचाहिँ देखिएन । मिथिला संस्कृतिलाई विश्व सम्पदामा जबसम्म सूचीकृत गरिँदैन, तबसम्म मिथिला संस्कृतिको सम्वर्द्धन भइरहेको कसरी मान्ने ?

**लेखकहरुले मिथिला सभ्यता र वैभवको कुरा गरे पनि प्रदेश सरकारले कस्तो काम गरिरहेको छ ?**

विश्व प्रसिद्ध लेखकहरु आआफ्ना समयको प्रतिनिधित्व गरेकै हुन्छ, यो स्वभाविक हो । हाम्रो देशका लेखकहरु पनि राष्ट्रियदेखि प्रान्तीय क्षेत्रमा पनि आआफ्ना कलम नचलाएका होइनन् । तथापि मिथिला सभ्यता र वैभवको कुरा गर्दा, धेरै नै जटिलता देखियो । लेखकहरु निजीदेखि सरकारी प्रयासमा पनि धेरै पुस्तक प्रकाशन गरे पनि पाठ्यक्रममा उचित स्थान पाएनन् । ती पुस्तकहरुका उचित बजारीकरण भएनन् ।

लेखक वर्गमा अब वितृष्णा जागेर तिनीहरु दिग्भ्रमित पनि भए । मैथिलीमा वा अन्य स्थानीय भाषामा लेखिएका पाठ्यपुस्तक किनेर पाठक वर्ग पढदैनन् । कारणचाहिँ यसका पछाडि धरै छन्, तथापि प्रदेश सरकारले ती पुस्तक उचितस्तरमा कम्तीमा पाठ्यसामग्रीमा राखिदिए, बिक्री वितरण सजिलै हुनेथियो र लेखकहरु अवश्य नै हौसिने थिए भने कुरामा चाहिँ दुई मत हुँदैन । अर्थ मन्त्रालयबाट उचित बजेट उत्खनन्, अनुसन्धान तथा सोधग्रन्थ तयार गर्ने लेखकलाई चाहिँ हौसला प्रदान गर्नु उचत देख्दछु ।

**तर पछिल्लो समय मिथिला सभ्यता मासिदै गयो, ४० भन्दा बढी मन्दिर हरायो भन्ने छ नि ?**

कुरा त सही हो, मिडियामार्फत संसारलाई थाहा छ, यद्यपि यो धेरै नै हास्यास्पद तथा हाम्रो सभ्यतामाथि आँच आउने कुरा हो । यसबाट प्रष्ट हुन्छ कि यसमाथि हमला वा धावा बोलिने काम भइराखेको छ । यसका पछाडि कसको हात होला ? एउटा कुरा यो पनि छ कि तस्कर गर्नेहरुले हाम्रा धर्म संस्कृतिलाई पनि अक्षुण्ण राखेनन् । यदि यस्तो हो भने, छानबिनका लागि सम्बन्धित सबै सरोकारवालाको उचित ध्यान यतातिर किन नगएको ? तर एउटा कुरो यो पनि सत्य छ कि विनाकारण यदि त्यस्ता धार्मिक स्थल तथा पीठ साँच्चिकै मासिएका रहेछन् भने आज न भोलि ती दोषीहरुलाई अवश्य नै श्राप लाग्ला, यस धर्ममा यति शक्ति छ कि दोषी बाँचेर वा उम्केर कहीँ जान सक्दैनन् । सजायचाहिँ उसले वा उसका भावी पिँढीले भोग्नै पर्दछ, यसमा कुनै शंका छैन ।

**जनक, जानकी, राम, अन्य पर्वको महिमा बढ्दै गएको छ या भारतको प्रभाव बढ्दै गएको छ ?**

हामी हिन्दू धर्मसंस्कृतिबाट बढी प्रभावित छौं । एकातिर हिन्दूधर्म संस्कृतिको आवाजचाहिँ उठाउने अर्कातिर भारतलाई नै बदनाम गर्ने ? यो अलि मिलेन जस्तो लाग्यो । प्राचीनकाल तथा पौराणिक कालदेखि नै हाम्रा छिमेकी मुलुक भारतसित बेटीरोटीको सम्बन्ध कायम छ । यसलाई चाहिँ तोड्न चाहेर पनि कसैले तोड्न सक्दैन । कारण विश्वप्रसिद्ध धार्मिक ग्रन्थ रामायणकै कुरा गर्दाखेरी, जनकपुर तथा मिथिलाका राजा जनककी छोरी सीताकी बिहे अयोध्याका राजा दशरथका छोरा रामसँग भएका होइन ? जहाँसम्म पर्वको महिमा बढ्नुको कुरा रहेछ भने, विवाहपञ्चमीमा सदियौँदेखि बारात आउँदछन् र जनकपुरमा चाहिँ राम जानकीको बिहे पौराणिक पदतिमा नै विधिवत् सम्पन्न हुने गर्दछन् । यो हिजो आजदेखिका परम्पराचाहिँ होइन । सदियौँदेखि चलिआएको, अर्कातिर हालसालै नेपालकै कोशी नदीका शीलाबाट भारतका अयोध्यामा हुनलागेको श्रीराम मन्दिरको मूर्ति निर्माण नेपालका लागि कति गौरवका कुरा भो ? तपाईंलाई थाहा हुनुपर्ने नि ? भारतको प्रभाव बढ्नु वा नबढ्नु भन्दा महत्वपूर्ण कुरा यो छ कि सलहेस फुलबारी, गढीमाइ मेला तथा विवाहपञ्चमी जस्ता महामेलामा प्रमुख आकर्षणको केन्द्रचाहिँ भारतीय पर्यटक नै हुने गरेका छन् नि ?

**स्थानीय तह, प्रदेश र केन्द्र सरकारसँग जानकी सभ्यता सम्वर्द्धनमा के अपेक्षा छ ?**

यी तीनै सरकारसँग आआफ्ना स्तरबाट उतिकै समान तथा बराबरीको अपेक्षा राख्न सकिन्छ । स्थानीय सरकारले सिंहदरबारकै प्रतिनिधित्व गरेको छ, प्रदेश सरकारका आफ्नै हातको कुरो भयो आफैँ उचित बजेट विनियोजन गरी यसको उचित प्रवर्द्धन गर्न सक्छ । त्यस्तै, केन्द्र सरकारले पनि केन्द्रका बजेटले यसको समुचित पूर्वाधार तयार गरिदिने भयो भने यसलाई छिटो भन्दा छिटो विश्व सम्पदाभित्र पनि सूचित गर्न सजिलो हुनसक्छ ।

**सामाजिक सञ्जाल र गुगलका भर गरेर अध्ययन गर्ने शैली हरायो । त्यसैले अखबार पनि पढ्ने घटे । फेरि पढ्ने वातावरण कसरी बनाउने ?**

लेख्ने पुस्ता सुस्ताएको छैन र पढने पुस्ता पनि खासै सुस्ताएको छैन, केवल माध्यमचाहिँ परिवर्तन भइ पेपर मिडिया भन्दा ईलेक्ट्रोनिक मिडियाले अपेक्षाकृत क्रान्ति ल्याएको जस्तो देखिन्छ मात्र, बाँकी सामाजिक सञ्जालमा पनि हामी लेखक पनि छाएकै हो, हामी लेखेनौँ भने त्यहाँ पनि विषय वस्तुको खडेरी लाग्ला नि ?

**इतिहास खोज, अनुसन्धान, अन्वेषणमा युवा पुस्तालाई कसरी आकर्षण गर्ने ?**

अचेल एक्काइसौँ शताब्दीमा राष्ट्रिय, अन्तर्राष्ट्रिय पाठ्यक्रम विश्वको परिवेश तथा बजारीकरण अनुसार परिर्वतनशील छन् । यसै आधारमा तिनीहरुका पाठ्यपुस्तकमा पनि प्रोजेक्ट तथा प्रोपोजललगायत प्रतिवेदन लेखिने सीपको विकासका अवधारणा विकास हुँदै गएकाले तिनीहरुलाई खासै प्राविधिक कठिनाई पनि बेहोर्नु पर्दैन जस्स्तो लाग्छ ।

# रामनामी ओढेका फ्रडहरु

कथाः



– रामकुमार एलन

*'गाउँका चेलीबेटी बेचबिखन न्युनिकरण गर्न, कलिलैमा विवाह नगर्न र वैदेशिक रोजगारीमा जानु पनि बेचिनु हो भन्दै पढाउनेहरु गाउँका धेरै किशोरीलाई 'प्रिग्नेन्ट' बनाएर काठमाडौँ छिरेका छन् दाइ,' उसले भनी, 'एबोर्सन गर्ने त कति कति ?'*

३१ डिग्री तातो घाम, कोटेश्वरको बसपार्क छेउ । मिति ४ जेठ हुनुपर्छ । मध्यघाम, मध्यान्ह १२ बजे । झट्ट हेर्दा १७ कि जस्तो देखिने किशोरी झोला सिरानी हालेर तीनकुनेपट्टि क्वाँक्वाँ रूँदै थिइन् । पुरानो र मैलो झोलामा सायद केही कपडा थिए । झोला सिरानी हालेर दिउँसै एउटी किशोरी छाति पिटिपिटी रोइरहँदा काठमाडौँ भूकम्मबाट ब्युँतेर हास्न खोज्दै थियो । त्यहीँ बाटो हुँदै कोही विमानस्थल छिर्न हतारमा थिए । कोही संविधानसभा आउन । सडक किनारामा एउटी किशोरीको चिच्याहट सुन्न सक्ने धैर्यता र फुर्सद सहरसँग थिएन । एक सय डेसिबलको यातायात ध्वनि प्रदूषणमा किशोरीको रुन्चे स्वरको मापन उसका लागि तीन सय नै भए पनि काठमाडौँका लागि ५० डेसिबल पनि भएन ।

क्यालेन्डर मान्छेले नै बनाएको हो । समय मान्छेले तोकेको । पछि न मान्छेलाई समयले दास बनायो । क्यालेन्डरमा हिँड्न सकेन । नबनाओस् कसरी, सबैभन्दा 'फास्ट र फस्ट' दौडने सुइलाई मान्छेले नाम राखिदियो 'सेकेन्ड ।' त्यसपछि रिसायो समय र मान्छेलाई पनि उसले हत्पत्ति फास्ट र फस्ट हुन रोक्यो । यद्यपि कोही सेकेन्ड सुइ भन्दा पनि फास्ट हुन्छन् ।

समयः १५ असार । स्थानः सुन्धाराको डान्स बार । राति पौने ११ हुँदै छ । सोफा भरिभराउ छन् । डबलीमा नर्तकी फेरिएर नृत्य गरिरहेका छन् । एउटा कुनामा साथी र म छु । साथी एक पेग थप्ने मूडमा अर्को एउटा नृत्य हेर्न रहर पाल्दैछ । चुल्ठो अगाडि ल्याएर बटार्दै आइपुगिन् नयाँ अनुहार ।

**दाइ, नमस्ते । आराम हुनुहुन्छ ?**

बसौँ म हजुरसँगै । अनि कता के गर्दै होइसिन्छ ?

**फोन पनि गर्नु भएन ?**

साथीहरु मलाइ घुरेर हेर्दैछन् । उसलाई लागिरहेको छ, बारका सबै नानीसँग यसको दोस्ती छ । उसले बाटोमा भनिसकेको थियो, 'आज एउटीलाई कोठामा लैजाने व्यवस्था गरिदेऊ न त ।' यस्तो वाहियात कुरा मसँग नगर भनेको थिएँ । चुरमुरले टल्किएर रंगीचंगी बत्तीमा चिरिच्याट्ट परी ओत लाग्न आएपछि साथीको बार्दली पुलकित नहुने कुरै भएन ।

हेरिरहेँ । उनी बोलिरहिन् । भनिन्, 'दाइ, म पनि फ्रडमान्डु बस्ने निधोमा पुगेँ ।' सुनाइन्, 'साराका फ्रड अटाउँदा म एउटी 'एडजस्ट' नहुँला र ?'

'फ्रडमान्डु !'

सम्झेँ, 'यो त मेरो भाषा हो, सहरलाई दिइएको नयाँ परिभाषा ।'

थपेँ, **'तिमीसँग पहिला कहाँ भेटेको ?'**

ऊ समयको सेकेन्ड सुइ भन्दा फास्ट भइसकिछे सहरमा । नरम हात गालामा पुऱ्याउँदै भनिन्, 'हजुर पनि मजाक गर्सेको कि बिर्सिसेको ?'

**'यति चाँडै भुल्ने बानी हजुरको ?'**

'हुन त मजस्ता कतिसँग दोस्ती हुन्छ हजुरको ।'

'हजुर होइन, काठमाडौँमा दुःख गर, केही काम खोज भन्दै मलाई बस्न हौस्याउने ।'

उसका लगातारका 'इन्भर्टेड कमा'भित्रका वाणी मेरा लागि 'रामवाण' भइरहेका थिए । साथी अक्क न बक्क परेर हेर्दैथियो । बेराले भन्यो, 'म्याम हजुरलाई के ल्याइदिउँ ?'

मगाइन्, 'एउटा सिग्रेट, एक पेग ह्वीस्की ।'

बेराले तुरुन्तै सर्भ गऱ्यो ।

'हजुर लिइसिन्छ सिग्रेट ?'

भनेँ, 'नेभर ।'

उनी चुरोट सल्काएर धूँवा फाल्दै भन्न थालिन्, 'सहर छाडेर गाउँ फर्कन सकिनँ दाइ, अनि लागेँ यो पेसामा, हजुरलाई मन परेन है ?'

दोहोऱ्याएँ, **'तिमीलाई मैले कहाँ भेटेको ?'**

'मलाई के थाहा ?, हजुरले भनिसिएको हो नि कोटेश्वर, तीनकुने ।'

झट्ट याद आयो, यो त्यही केटी हो, जो ४ जेठमा तीनकुनेपट्टि क्वाँक्वाँ रोइरहेकी थिई । झोला सिरानी हालेर मध्यघाममा, मध्यान्हमा ।

'जहाँ म पुगेँ, त्यहाँ पनि भूकम्पले उठिबास रहेछ । कति दिन त्रिपालमा सुत्नु ? कति दिन भागाभाग गर्नु ? फेरि यो काठमाडौँ हरेक नयाँ अनुहारसँग चिढिदोरहेछ दाइ,' उसले भनी, 'मेरै भाग खोस्न आएको भन्ठान्ने काठमाडौँको ठूलो भ्रम र भ्रान्ति रहेछ । त्यसैले त कोटेश्वरका कुकुर बानेश्वर आउँदा लखेटिँदो रहेछ । कलंकीको कुकुरले टुँडिखेलसम्म आउन नपाउँदो रहेछ । कुकुरले त अर्को टोलको कुकुर लखेटछ, मान्छेको के कुरा दाइ ।'

उसका कुराले निकै 'म्याचुर्ड सिटिजन' दर्शिदै थिई । भनी, 'म त्यो आश्रयकेन्द्रमा रमाउन सकिनँ, भागेर निस्किएँ सहरमा, कुकुरले पुच्छर लुकाए झैं गरेर भौंतारिएँ र अन्ततः आइपुगे 'डिस्को डानस'मा ।'

सम्झिएँ, साथीले फोन गरेको थियो, 'तैँले कोटेश्वरबाट पठाएको पुतली आजै भुर्र उड्यो, हाम्रो सेल्टरमा छैन है ।'

उसको आश्रय केन्द्रबाट उडेको पुतली सुन्धारामा नर्तकी भएर आज मलाइ गफ दिने भइसकिछे । त्यहाँका अरु भने अहिले पनि दाताले दिने पहेँलो दाल र मोटा चामलको भातमा अल्झिँदै बसेका होलान् । मान्छेले समय चिन्यो भने स्वार्थी मान्छे र समयको दास बन्नु पर्दैन ।

'यो एक महिनामा म यहाँ 'क्वीन' भइसकेँ दाइ,' धेरै स्ट्राइकरहरु 'क्वीन' हान्न खोज्छन् तर पालै आउँदैन ।'

सोधेँ, **'गाउँमा क्यारेमबोर्ड खेल्थ्यौ कि क्या हो, भाषा उस्तै प्रयोग गऱ्यौ त ?'**

'त्यही क्यारेमबोर्ड खेल्नेले त 'क्वीन' बनायो नि !' उसले सुनाई, 'मूर्दो स्ट्राइकर त हुन सकेन नै, मलाई पनि क्वीनबनाउछुभन्दै धोका दिँदा सुन्धारामा 'नाच भैरे नाच' गर्नु परेको छ ।'

'जीवन काँचको शिशा नबनाऊ, कहिलेकहीँ आरनमा ठोकठाक पारिएको फलामे टुकी पनि बनाऊ, ताकि गरिबका झुपडीमा उज्यालो दिन सकिन्छ, अनि समाजका थुप्रै फ्रडहरुको अनुहार कालोमा लुकेका बेला खोज्न सकिन्छ ।'

बेराले संकेत गऱ्यो । स्पिकरमा कानका जाली फुटाउने गरी संगीत बज्न थाल्यो । आधा ग्लास ह्वीस्की बाँकी छाडेर उसले भनी, 'एउटा नाच नाचेर आएँ ल ?' उनी प्रेक्षालय र हाम्रो साथ छाडेर डबली चढिन् । केही केटी र केटाहरु पनि पछि लागे । नाच्न थाले । रात ढल्दै जाँदा सहरमा गीत झन ठूलो स्वरमा गुन्जिन्छ । त्यसमाथि सुन्धारा । निम्नवर्गीयदेखि घरानियाँसम्म 'पानी फेर्न, नानी हेर्न' आएको देख्छु । शुक्रबार त बुटवल, जनकपुर, हेटौँडा, वीरगञ्जका बढी हुन्छन् । जुन बार पुग्छु, ४० प्रतिशत चिनेकै पर्छ ।

साथीले भनेको पुतली नाचमा पोख्त बनिसकेको रहिछे । अघि ऊ सुनाउँदै थिई, 'म क्वीन भइसकेँ दाइ ।' चुरोटको धुवाँ, रंगीचंगी बत्ती अनि उच्श्रृंखल गी( तहरुमा नानीहरुको उत्तेजक नृत्य । रमाइलो गर्न आएका ग्राहकहरु आफ्नै सुरमा झुम्मिरहेका छन्, नाचिरहेका छन् । गीत बजिरहेको छ, 'मै तो हुँ कबसे रेडी तैयार, पटालो सैयाँ मिसकल से ।'

डबलीबाट म बसेको सोफासम्म आउँदा उसका हात तानेर बस न भन्ने दर्जन ग्राहक छन् । तर ऊ इमानदार छे । हामी भएकै ठाउँमा आइपुगी । मेरो साथी निकै हौसियो । हेन्डसेक गऱ्यो र फकाउन सुरू गऱ्यो, 'ह्वाट अ पर्फेक्ट डान्स ।' उसले 'थ्यांक यु' भनी ।

'हो, त्यही क्यारेमबोर्ड खेल्न आउने थियो एउटा सामाजिक परिचालक जन्तु,' उसले कुरा सुरू गरी, 'त्यसैले स्कुल पढ्दै गरेकी मलाई फकायो, फुल्यायो र सडकमा पुऱ्यायो ।'

कोटेश्वरमा भेटिँदा ऊ निकै भोकाएकी थिई । बोल्न सकिरहेकी थिइन । चिनेको साथीलाई फोन गरेर उद्धार गर्दा एक हजार रुपैयाँ दिएको थिएँ । भनेको थिएँ, 'त्यहाँ तिमीलाई काठमाडौँ बस्ने आँटका लागि सहयोग हुन्छ, म फोन गरुँला ।'

मैले फोन गरिनँ । त्यसमाथि साथीले फोन गरेर पुतली उड्यो भनेपछि सम्बन्धहरु टुटे । एकहजार रुपैयाँ पनि प्रशंसा पत्र नपाउने गरी र शिलालेखमा नाम नलेखिने गरी गुमनाम दान भयो ।

हो, त्यही सामाजिक परिचालकले गाउँगाउँमा पढाउँथ्यो, 'कलिलो उमेरमा यौनसम्पर्क गर्नु हुँदैन, २१ नपुगी विवाह गर्नु हुँदैन र चाँडै बच्चा पाउनु हुँदैन ।' थपी, 'उसका कुरा कति मीठा थिए है दाइ ।' सुनाई, 'कहिले गजल सुनाउँथ्यो, कहिले मीठो गीत, कथा र भन्थ्यो, यो मैले लेखेको ।' हामी भर्खरका किशोरी ऊसँग को बढी रत्तिने भन्नेजस्तो भयो । उसले मलाई नै आँखा गाडेको रहेछ । थपी, 'आमाले त भन्नु भएको थियो, धोका खालिस् काली । आमाको कोख रुवाउलिस् ।'

सहरमा ठूलै कलाकार गायन प्रस्तुत गर्दैछ र म अशल स्रोता बनेर श्रवण गरिरहेको छु । यस्तै लागिरहेको छ । उसले भनी, 'दुनियाँलाई यस्तो पढाउने उसले एकदिन मसँग प्रस्ताव गऱ्यो, विवाह गर्छु भन्यो । नाइँ भन्न नसक्दा यो हालत बनाइदियो ।'

**'कहाँ छ त त्यो फ्रड ?'**

भनी, 'यही फ्रडमान्डु छ नि, मलाई विवाह गर्छु भनेर भूकम्प गएका बेला फकाएर सहर ल्यायो र कोटेश्वरमा छाडेर भागेको केटो त बढुवा भएछ ।'

'गाउँका चेलीबेटी बेचबिखन न्युनिकरण गर्न, कलिलैमा विवाह नगर्न र वैदेशिक रोजगारीमा जानु पनि बेचिनु हो भन्दै पढाउनेहरु गाउँका धेरै किशोरीलाई 'प्रिग्नेन्ट' बनाएर काठमाडौँ छिरेका छन् दाइ,' उसले भनी, 'एबोर्सन गर्ने त कति कति ?'

यो कथा तपाईं लेख्न सक्नुहुन्न । किनभने सबै मजस्तो मदिराको नशामा हुँदैनन्, मनभित्रै लुकाउँछन् । हरेक हप्ता तपाईंको पत्रिकामा आउने समाचारमा शिशुको शव भेटियो भन्नुमा यिनै फ्रडहरुको पनि हात छ ।

उसका मर्मभेदी कुराले पोल्यो । भनेँ, 'विषयबस्तु दिएकीमा धन्यवाद ।'

सुनाई, 'मैले पनि २० दिन अघि एबोर्सन गरेँ, आमाको अनुहार बिर्सिएँ । बाबुको रिस बिर्सिएँ । घर फर्कँदा मैले पाउने दुःख र यत्रो दिन हराएको छोरी भित्र्यायो भनेर आमाबाबुले पाउने अपमान सम्झिएँ, अनि तपाईंले काठमाडौँमा बस्न दिएको हौसला सम्झिएर यो नरक छिरेँ दाइ ।' उसले ह्वीस्की स्वाट्टै पारी । भनी, 'यो सहर गाउँमा फ्रड गरेर भागेकाहरुको रहेछ, अस्ति एकदिन त्यो सामाजिक परिचालक पनि बढुवा भएर सामाजिक अधिकृत भएको भोज दिन यहीँ आएको थियो, मलाइ देखेर कालोनिलो भयो ।'

**'तिमीले केही गरिनौ ?'**

'भर्खर काममा लागेको छु, किन झगडा गर्नु ? साथीलाई हुलिया मगाएको छु । एकदिन अफिस गएर केही इलाज गराउँला,' ऊ निरास रहिनछे । घर जाने बेला भइसकेको थियो ।

अहिले त झन गाउँमा थरिथरीका फ्रड पुगेका छन् दाइ । भूकम्पपछि त सब फ्रड 'रेस्क्यु'का नाममा हामीजस्ता कलिला किशोरी, अबला र बालबालिकाको भविष्य बर्बाद पारिरहेका छन् ।

आज उसले ह्वीस्की धेरै पिइन । मातेर ग्राहकसँग मोलाहिजा गरिनँ । परिपक्व भएर बोली, 'टुँडिखेलमै टेन्टभित्र बलात्कार भएको खबर पढेको थिएँ, तपाईंकै पत्रिकामा रामदेवलेसमेत बालक भारत लैजान खोजेको पढेँ । साँच्चै यी सबका सब रामनामी सल ओढेका र टाइसुट लगाउने फ्रडहरुको पञ्जाबाट मुलुक कहिले मुक्त हुन्छ दाइ ?'

मेरो साथीलाई उसका कुराले मात लाग्न छाडिसकेको थियो । उसको नम्बर लिएर हामी फर्कने हतारमा थियौँ । ऊ पनि आजको अन्तिम नृत्यका लागि तयार भइन् । बेरालाई भनिन्, 'आज दाइहरुलाई मेरो ट्रिट भनिदेऊ काउन्टरमा ।'

वाह रे, केटी त यति बलशाली क्वीन भइछे ।

'जीवन काँचको शिशा नबनाऊ, कहिलेकहीँ आरनमा ठोकठाक पारिएको फलामे टुकी पनि बनाऊ, ताकि गरिबका झुपडीमा उज्यालो दिन सकिन्छ, अनि समाजका थुप्रै फ्रडहरुको अनुहार कालोमा लुकेका बेला खोज्न सकिन्छ ।'

हात मिलाइ । अँगालो मारी र भनी, 'यु वेलकम दादा, गुडनाइट, म अफिसमै आउँछु एक दिन ।'

सहरका रंगीन सपना देखाएर कति किशोरीलाई कोटेश्वर, तीनकुने, चावहिल, कलंकी, बल्खु, बालाजुमा ल्याएर बिचल्ली पार्ने फ्रडहरु सहरमा झुमिरहेका होलान् । तिनै फ्रडलाई सस्तोमा मनोरञ्जन दिने साधन बनेका छन् उनीहरुबाटै शोषितपीडित यस्ता किशोरीहरु । बाइ गर्दै जस्केलामा पुग्दा अन्तिम बिदाई नृत्य चलिरहेको थियो, गीत घन्किरहेको थियो, 'तेरी कुर्थी सेक्सी लग्ती बे, तेरी कुर्थी सेक्सी ।' तर नर्तकीहरु कसैले कुर्था लगाएका थिएनन् ।

### अनुरोध :

मधेशदृष्टि दैनिकको शनिबारको अंक साहित्यमय बनाउने प्रयासमा छौँ । तपाईंका अनुभव, स्मरण, साहित्यिक विधाका कुनै पनि सामग्री, नियात्रा, अन्वेषण, अनुसन्धानमूलक लेखरचनाको हमेसा स्वागत गर्दछौँ । तपाईं सामग्री इमेल गर्न सक्नुहुनेछ । सामग्री पठाउँदा सम्पर्क नम्बर पनि पठाउनु होला । हामीलाई पठाइएको सामग्री कम्तीमा १५ दिन अरु सञ्चारगृहमा नपठाउन हुन पनि अपिल गर्दछौँ । हाम्रो इमेल ठेगाना होः
madheshdristi@gamill.com

# 'नीरफूल'को ट्रेलरमा भूकम्पको कथा



जनकपुरधाम । आगामी जेठ २६ गते रिलिजको तयारीमा रहेको फिल्म 'नीरफूल'को ट्रेलर सार्वजनिक भएको छ ।

२०७२ सालको भूकम्पको कथावस्तुमा आधारित यो फिल्मको कोरोना महामारीका बेला लकडाउन भएपछि रिलिज रोकिएको थियो ।

दयाहाङ राई, बुद्धि तामाङ, शान्ति वाइबा, जिग्मे छ्योकीको मुख्य भूमिका रहेको फिल्मको निर्देशन फूलमान बलले गरेका हुन् । ट्रेलरमा भूकम्पपछि धादिङको रुबी भ्यालीबाट उद्धार गरेर काठमाडौं ल्याइएकी छोरीको खोजीमा निस्कने एक दम्पतीको संघर्ष देखाइएको छ ।

धादिङको रुबी भ्याली, रसुवाको स्याफ्रुबेंसी र काठमाडौंमा छायांकन गरिएको फिल्ममा अभिनेत्री रेखा थापा विशेष भूमिकामा छिन् । सचिन घिमिरे एसोसिएट निर्देशक रहेको फिल्मलाई प्रमोद कार्कीले खिचेका हुन् भने निमेष श्रेष्ठको सम्पादन, अर्जुन पोखरेल र चन्द्रकुमार दोङको संगीत छ ।

नेपाल-म्यानमार फ्रेन्डसिप काउन्सिलसँगको सहकार्यमा सेलो प्रोडक्सनले निर्माण गरेको फिल्ममा पुष्कर गुरुङ, राजन खतिवडा, सरोज अर्याल, सरिता गिरी, लक्ष्मी बर्देवा, मानस राज, रोशन फ्युबालगायतको समेत अभिनय रहेको छ ।

# फिल्म 'आदिपुरुष'को ट्रेलर सार्वजनिक



जनकपुरधाम । ब्लकबस्टर 'तानाजी : द अनसंग वारियर'पछि निर्देशक ओम राउत अर्को महाकाव्य 'आदिपुरुष' लिएर आएका छन् । ट्रेलर मंगलबार इन्टरनेटमा सार्वजनिक भएको छ । टिजरभन्दा धेरै विश्वसनीय लाग्ने यो ट्रेलर सशक्त लाग्छ । टिजरमा भीएफएक्स र सैफअली खानको रावण लुक्सलाई अस्वीकार गरेका दर्शकले ट्रेलरलाई भने सकारात्मक प्रतिक्रिया दिएका छन् ।


तीन मिनेटभन्दा लामो यो ट्रेलरमा राघवको भूमिकामा प्रभास, जानकीको भूमिकामा कृति सेनन, लक्ष्मणको चरित्रमा सन्नी सिंह र लंकेशको भूमिकामा सैफअली खान छन् । हिन्दू धर्मग्रन्थ रामायणमा आधारित यो फिल्मको ट्रेलरको सुरुमा हनुमानले रामबारे बताउँछन् । कसरी राम मान्छेबाट भगवान बने भन्ने दृश्यसँगै कथा सुरु हुन्छ ।

रामायणका प्रमुख घटनालाई प्रभावशाली ढंगले देखाइएको हुनाले लंकेशको रूपमा सैफको सानो झलक ऋषिको भेषमा मात्रै देखिएको छ । एउटा विशाल शिवलिंगको अगाडि प्रार्थना गर्दै गरेको दृश्यमा उनको एउटा स्वर देख्न सकिन्छ जसमा भनिएको छ, 'ब्रह्माण्डमा रहेका सबै चीजहरू प्राप्त गरिसकेको छु तर अझै पनि तिमीलाई शैतान भनिन्छ । लक्ष्मी प्राप्त गर त्यसपछि तिमी भगवान विष्णु बन्छौ ।' 'आदिपुरुष' हिन्दी, तेलुगू, तमिल, कन्नड र मलयालम भाषामा रिलिज हुनेछ ।

यसको ट्रेलर भारतमा मात्रै नभई क्यानडा, अष्ट्रेलिया, अमेरिका, बेलायत, मलेसिया, न्युजिल्यान्ड, सिंगापुर, रुस, इजिप्ट र अन्य ७० क्षेत्रमा एकैसाथ रिलिज गरिएको छ । आगामी जुन १३ मा यो फिल्मलाई अमेरिकाको न्युयोर्कमा हुने ट्राइबेका फेस्टिभलमा देखाइने भएको छ । प्रभासले प्रिमियरको बारेमा आफ्नो उत्साह व्यक्त गर्दै भने, 'आदिपुरुषको विश्व प्रिमियर द ट्राइबेका फेस्टिभल न्युयोर्कमा प्रिमियर हुनेमा म सम्मानित छु । हाम्रो राष्ट्रको लोकाचार झल्काउने कामको हिस्सा बन्न पाउनु सौभाग्यको कुरा हो । हाम्रा भारतीय फिल्म विशेषगरी आदिपुरुष जसले मलाई एक अभिनेताको रूपमा मात्र होइन, एक भारतीयको रूपमा पनि गर्व छ । म ट्राइबेकामा दर्शकको प्रतिक्रिया हेर्न उत्सुक छु,' उनले भने । यो फिल्म असार १ गते प्रदर्शन हुँदैछ ।एजेन्सी

# 'हल्कारा' र 'छत्रपति' नेपालमा रिलिज





जनकपुरधाम । निकै नै प्रतिक्षा गरिएको दुई फिल्म शुक्रबारदेखि रिलिज भएको छ । अन्तर्राष्ट्रिय अवार्ड सर्किटमा समीक्षकले रुचाएको नेपाली फिल्म 'हल्कारा' र भारतीय एक्सन फिल्म 'छत्रपति' हलमा रिलिज भएका हुन् । विशेषगरी गम्भीर दृश्यभाषाका फिल्म रुचाउने दर्शकलाई ' हल्कारा' रुचिकर हुन सक्छ । १११ मिनेट लामो 'हल्कारा'लाई विक्रम सापकोटाले निर्देशन गरेका हुन्, जसमा महेश त्रिपाठी, विनिता थापामगर, उमेश तामाङ, पशुपति राईको शीर्ष भूमिका छ । फिल्ममा त्रिपाठीले हल्कारा (हुलाकी)को रुपमा शीर्ष भूमिका निर्वाह गरेका छन् । फिल्मले वैदेशिक रोजगारीको सामाजिक आयामको कथा भन्छ ।

बेरोजगार र जड्याहाँ एक व्यक्तिले गाउँमा हुलाकीको जागिर पाउँछ । नयाँ जिम्मेवारी र चुनौतीसहित ऊ कामका लागि नयाँ गाउँमा पुग्नुपर्ने हुन्छ । यस क्रममा ऊसामु जिम्मेवारीलाई लिएर चुनौती आइलाग्छन् । सामाजिक कथामा आधारित फिल्ममा त्रिपाठी र थापामगरले दम्पतीको भूमिका निर्वाह गरेका छन् । 'ऐना झ्यालको पुतली' फेम्ड रामकृष्ण पोखरेलले यो फिल्मको निर्माण गरेका हुन् । थुप्रै अन्तर्राष्ट्रिय अवार्ड जितेको 'हल्कारा'ले मल्टिप्लेक्समा सुखद शो प्राप्त गरेको छ ।

यसैबीच, भीभी विनायक निर्देशित हिन्दी फिल्म 'छत्रपति' पनि आजदेखि नेपाली हलमा प्रदर्शनमा आएको छ । सन् २००५ मा रिलिज भएको एसएस राजामौली निर्देशित र प्रभास स्टारर सोही नामको तेलुगू फिल्मको रिमेक रहेको यो फिल्ममा बेल्लमकोंडा श्रीनिवास, नुसरत भरुच्चा र शरद केलकरको शीर्ष भूमिका छ । शिवाजी र उनको परिवार आफ्नो थातथलो श्रीलंकाबाट भारतको विशाखापट्टनममा आएर मजदुरी गर्छन् । इर्ष्यालु सौतेनी भाइ उसको जीवनमा प्रवेश गर्दा परिवारिक स्थिति बिग्रन्छ । यही कथा वरपर फिल्म घुमेको छ । यो फिल्मको लम्बाइ १२३ मिनेट छ ।एजेन्सी

# फ्लप भयो प्रियंका चोपडाको 'लभ अगेन'



जनकपुरधाम । अभिनेत्री प्रियंका चोपडा अहिले आफ्नो वेब सिरिज 'सिटाडेल' र हालै रिलिज भएको हलिउड फिल्म ' लभ अगेन'लाई लिएर चर्चामा छिन् । उनी अभिनित उक्त हलिउड फिल्म पनि मे १२ मा भारतमा रिलिज हुँदैछ । तर यस फिल्मको बारेमा जुन खबर बाहिर आएको छ, त्यसले फ्यानलाई ठूलो झट्का लाग्न सक्छ ।

वास्तवमा प्रियंकाको यो फिल्म अमेरिकी बक्स अफिसमा ध्वस्त साबित भएको छ । प्रियंकासहित साम ह्युगन र सेलिन डियोन स्टारर फिल्मले तीन दिनमा मात्रै (२.३८ मिलियन डलर) अर्थात् १८ करोड भारु मात्र कमाउन सफल भएको बताइएको छ । प्रियंकाको उक्त फिल्म फ्लप हुनबाट जोगिन बक्स अफिसमा कडा संघर्ष गरिरहेको छ । मार्भल सिनेमेटिक युनिभर्सको फिल्म 'गार्डियन्स अफ द ग्यालेक्सी भोल्युम ३', एभिल डेड राइज र 'आर यु देयर गड ? इट्स मी मार्गरेट'ले बक्स अफिस कब्जा गरिरहेको बेला प्रियंकाको यो फिल्मले दर्शकलाई आकर्षित गर्न चुनौती खेपिरहेको छ । फिल्म 'लभ अगेन' मुख्य नायिका मीरा रेको कथा हो, जसले कार दुर्घटनामा आफ्नो साथी गुमाएकी छन् । उनी आफ्नो सम्झनामा यति हराइन् कि उनले आफ्ना फियोन्सेलाई उनको नम्बर टेक्स्ट गर्न थाल्छिन्, जुन अब रोब (ह्युगन) नामक अर्को व्यक्तिलाई दिइएको छ । रोबीलाई मीराको सन्देश धेरै भावुक लाग्छ र डियोन उनीसँग जोडिन खोज्छिन् । फिल्ममा प्रियंका चोपडाका पति निक जोनसको पनि क्यामियो रोल रहेको छ ।

तर फिल्मको बजेट नौ मिलियन डलर रहेको हुँदा फिल्मले सजिलै लगानी उठाउन भने सक्नेछ । सन् २०२१ मा रिलिज भएको म्याट्रिक्स रिसर्जेन्सपछि प्रियंकाको रिलिज हुने यो पहिलो फिल्म हुनेछ । प्रियंकाले सन् २०१७ मा फिल्म 'बेवाच'बाट हलिउडमा डेब्यु गरेकी थिइन् । प्रियंका चोपडाको ओटीटी रिलिज 'सिटाडेल' अहिले अमेजन प्राइममा स्ट्रिमिङ भइरहेको छ ।

तर 'सिटाडेल'को निर्माण र प्रवर्द्धनमा ओटीटीले पानीजस्तै पैसा बगाएको छ । हालै मुम्बईमा प्रिमियर हुँदा प्रियंकाका साथमा रिचर्ड म्याडेन पनि स्टार कास्ट थिए ।

तर यो सिरिज अपेक्षाअनुरूप चल्न सकेन । तर यो सिरिजमा प्रियंका चोपडाको एक्सन सिक्वेन्सको पक्कै पनि प्रशंसा भइरहेको छ ।एजेन्सी

# 'महाभारत'को १० श्रृंखलामा फिल्म बनाईने




जनकपुरधाम । 'बाहुबली' र ' आरआरआर'जस्ता ब्लकबस्टर फिल्मका निर्देशक एसएस राजामौली लामो समयदेखि महाभारतको कथावस्तुमा फिल्म बनाउने सपना देखिरहेका छन् । केही वर्षयताका अन्तर्वार्तामा उनले यसलाई आफ्नो ड्रिम प्रोजेक्ट भएको बताउने गरेका छन् । अब सोच्नुहोस्, हिन्दू धर्मको मुख्य ग्रन्थ 'महाभारत'मा उनले फिल्म बनाए भने के होला ? सायद इतिहास बन्नेछ । आफूले महाभारतको कथावस्तुमा फिल्म बनाउने योजनाअघि सारे फिल्मलाई न्याय दिने गरी १० श्रृंखलासम्म बनाउने उनले खुलासा गरे । पछिल्लो फिल्म 'आरआरआर'को प्रवर्द्धनका क्रममा उनले आफ्नो मौलिक शैलीमा मौलिक महाभारतमा नयाँ ट्वीस्ट दिने र स्क्रिप्ट लेखेपछि मात्र अरु कुरा सोच्ने बताएका थिए । हालैको एक कार्यक्रममा राजामौलीले महाभारत बनाउने आफ्नो सपनाको बारेमा फेरि एकपटक कुरा गरे । उनले अहिले देशमा महाभारतका सबै संस्करण पढ्न एक वर्ष लाग्ने बताए ।

राजामौलीले भने, 'यदि मैले महाभारत बनाउने कुरा गर्छु भने भारतमा यसको सबै संस्करण पढ्न मलाई एक वर्ष लाग्छ । हाल म केवल १० भागको फिल्म हुनेछ भनेर अनुमान गर्न सक्छु । राजामौली लामो समयदेखि २६६ एपिसोडको टिभी शो ' महाभारत'लाई फिल्ममा परिणत गर्ने सपना देख्दै आएका थिए ।एजेन्सी

# टाइम म्यागाजिनले दीपिकालाई ग्लोबल स्टारको संज्ञा दिए




जनकपुरधाम । प्रतिष्ठित अमेरिकी म्यागजिन टाइमले बलिउड अभिनेत्री दीपिका पादुकोणलाई 'ग्लोबल स्टार' भन्दै उनीमाथि कभरस्टोरी छापेको छ ।

उनी टाइमको कभरमा प्रकाशित हुने पछिल्लो विश्व सेलिब्रिटी हुन् । उनले आफ्नो कामबाट विश्वलाई बलिउडमा ल्याउने श्रेय दिएको समेत उल्लेख छ ।

सन् २०१८ मा म्यागजिनले प्रकाशित गरेको विश्वका १०० प्रभावशाली व्यक्तिको सूचीमा दीपिका पनि समावेश थिइन् । टाइमले आफ्नो अन्तर्वार्तामा दीपिकालाई 'विश्वको सबैभन्दा बढी जनसंख्या भएको देशको सबैभन्दा लोकप्रिय अभिनेत्री' भनेर चिनाएको छ । कभरमा उनी बेज ओभरसाइज सुटमा देखिएकी छन् भने जुत्ता लगाएकी छैनन् ।

अन्तर्वार्तामा दीपिकाले आफूविरुद्धको ' निरन्तर राजनीतिक प्रतिक्रिया'को बारेमा कुरा गरेकी छिन् । उनले भनेकी छन्, 'मलाई थाहा छैन म यसबारे केही महसुस गर्छु कि भनेर । तर सत्य यो हो, मलाई यसमा केही लाग्दैन ।' यसअघि दीपिकाको फिल्म 'पद्मावत'लाई करणी सेनाले विरोध गरेको थियो । भीडले आक्रमण गरेका विद्यार्थीप्रति ऐक्यबद्धता व्यक्त गर्न जवाहरलाल नेहरू विश्वविद्यालयको उनको भ्रमणले हंगामा मच्चाएको थियो भने फिल्म 'पठान'को गीत 'केशरी रङ'मा उनले लगाएको बिकिनीमाथि धेरै चर्चा र बहस भएको थियो । फिल्मलाई बहिष्कार गर्नुपर्ने आवाज पनि उठ्यो ।

दीपिकाले ओस्कारमा भारतको हालैको प्रदर्शनको बारेमा पनि बताइन्, जहाँ उनी पनि प्रस्तुतकर्ताको रूपमा सामेल भएकी थिइन् । ओस्कारमा तेलुगू फिल्म 'आरआरआर'को ' नाटु नाटु' सर्वोत्कृष्ट मौलिक गीत र गुनित मोंगाको 'द एलिफ्यान्ट व्हिस्पर्स'ले उत्कृष्ट डकुमेन्ट्री विधामा अवार्ड जित्यो । दीपिकाले हामी यतिमा मात्र सन्तुष्ट हुनुहुँदैन भन्ने बताएकी छन् । 'मलाई लाग्दैन कि हामी एउटा गीतको लागि एक ओस्कार र वृत्तचित्रको लागि एक ओस्कारमा खुसी हुनुपर्छ,' उनले भनिन्, 'मलाई आशा छ कि हामीले यसलाई अवसरको सुरुवातको रूपमा हेर्न सक्छौं ।'

दीपिका आगामी एक्सन थ्रिलर फिल्म ' प्रोजेक्ट के'मा अभिनेता प्रभासको अपोजिटमा देखिनेछिन् । उनीसँग सिद्धार्थ आनन्दको अर्को एक्सन थ्रिलर फिल्म ' फाइटर' ऋतिक रोशनको साथ पाइपलाइनमा छ । यो वर्षको सबैभन्दा ठूलो हिट 'पठान' दिएपछि सिद्धार्थ आनन्दसँग उनको यो दोस्रो फिल्म हो । अर्को वर्ष जनवरी २५ मा रिलिज हुने भनिएको 'फाइटर'मा करण सिंह ग्रोवर र अक्षय ओबरायको पनि अभिनय रहनेछ ।एजेन्सी

# चलचित्र समाजको ऐना : उपराष्ट्रपति

काठमाडौं ।

काठमाडौँस्थित आर्मी अफिसर्स क्लबमा शुक्रबार एक समारोहको आयोजना गर्दै 'एलजी सिने सर्कल अवार्ड' सम्पन्न भएको छ । उपराष्ट्रपति रामसहायप्रसाद यादवले २०७७, २०७८ र २०७९ सालमा प्रदर्शन भएका नेपाली चलचित्र तथा कलाकर्मीलाई पुरस्कृत गरे ।

तीन वर्षदेखि रोकिएको अवार्ड समारोहमा कलाकर्मीलाई पुरस्कृत गर्न पाउँदा खुशी लागेको उपराष्ट्रपति यादवले बताए । 'यो क्षेत्रले मनोरञ्जन प्रदान गर्ने मात्र नभई हाम्रो मौलिक भाषा, भेषभूषा, संस्कृति, इतिहासको संरक्षण र सम्वर्द्धन पनि गरिरहेको छ । यो सिर्जनशिल कलाकर्मीको मेहनत र लगावको प्रतिफल हा', उपराष्ट्रपति यादवले भने , 'सीमित स्रोत, साधन र बजारको बाबजुद नेपाली चलि( चत्रले निर्माण गरेको उचाइ हाम्रो लागि गौरवको विषय हो किनकि चलचित्र हाम्रो समाजको ऐना हो ।' उनले समारोहमा दुई पाका प्राविधिकलाई दीर्घसाधना सम्मान प्रदान गरे । समारोहमा भान्छा व्यवस्थापक जेठा दाइका उपनामले परिचित कुलबहादुर महत र शृङ्गारकर्ता सन्तु तामाङलाई नगद राशि एकाउन्न हजारसहित सम्मानपत्र प्रदान गरिएको थियो । अवार्ड आयोजक दिनेश डिसीले पर्दामा देखिने वस्तु वा व्यक्ति चम्काउन जीवन बिताए पनि योगदान गौण जस्तो देखिने तर महत्वपूर्ण कर्मशील हातलाई सलाम गर्ने उद्देश्यले सम्मान गरिएको बताए । समारोहमा क्याराभान र हनी हन्टर चलचित्रका फ्रान्सेली निर्देशक एरिक भ्याली, निर्देशक निश्चल बस्नेत, निर्माता सन्तोष सेनसँगै कलाकारद्वय दीपकराज गिरी र दीपाश्री निरौलालाई' ट्रेण्डसेटर अवार्ड' प्रदान गरिएको थियो ।

# दक्षिण अफ्रिकामाथि रुसलाई हतियार उपलब्ध गराएको आरोप

**जनकपुरधाम ।**
दक्षिण अफ्रिकाका लागि अमेरिकी राजदूतले उक्त देशले युक्रेन द्वन्द्वमा तटस्थ रहने घोषणा विपरीत रुसलाई हतियारहरू आपूर्ति गरेको आरोप लगाएका छन् ।
रुबेन ब्रिगेटीले गत डिसेम्बरमा हतियार तथा गोलीगठ्ठाले भरिएको रुसी पानीजहाज केप टाउनमा देखिएको बताए । दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसाको कार्यालयले आफू उक्त दाबी प्रति दुखी भएको जनाउँदै त्यसलाई पुष्टि गर्ने आधार प्रदान नगरिएको जनाएको छ । दक्षिण अफ्रिकाले युक्रेन अतिक्रमणको मुद्दामा तटस्थता दाबी गर्दै आएको छ ।
अमेरिकी राजदूतले के भने
प्रिटोरियामा बिहीवार आयोजित पत्रकार सम्मेलनमा राजदूत ब्रिगेटीले उक्त द्वन्द्वलाई लिएर दक्षिण अफ्रिकाले व्यक्त गरेको असंलग्नताको नीतिप्रति वासिङ्टनको चासो रहेको बताए। सिमोन्स टाउन जलसेना शिविर नजिकै गएको डिसेम्बर ६ देखि ८ को बीचमा एउटा मालवाहक पानीजहाज रोकिएको प्रसङ्ग उल्लेख गर्दै उनले रुसतर्फ जानुअघि त्यसमा हातहतियार र गोलीगठ्ठा भरिएकोमा आफू 'विश्वस्त' रहेको बताए। लेडी आर नामक सो पानीजहाजको उपस्थितिलाई लिएर त्यसबेला जिज्ञासाहरू उठेका थिए र कतिपय स्थानीय नेताहरूले त्यसबारे प्रश्न पनि गरेका थिए । "रुसीहरूलाई हतियारले सज्जित बनाउनु ज्यादै गम्भीर हो र हामीलाई यो विषय सम्बोधन भएको जस्तो लाग्दैन," ब्रिगेटीले भने । उनले लगाएको आरोपले दक्षिण अफ्रिकाको सत्तापक्षलाई आश्चर्यमा पारिदिएको छ । उक्त आरोपपछि दक्षिण अफ्रिकाको सरकारले अवकाशप्राप्त न्यायाधीशको नेतृत्वमा एउटा स्वतन्त्र जाँच निकाय गठन गर्ने घोषणा गरेको राष्ट्रपति कार्यालयका प्रवक्ताले जानकारी दिएका छन् ।
संयुक्त राज्य अमेरिकाले केही महिना यता दक्षिण अफ्रिका र रुसबीचको निरन्तरको निकट सम्बन्धलाई आलोचनात्मक रूपले हेर्दै आएको थियो । अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता वेदान्त पटेलले बिहीवार पत्रकारहरूसँग कुरा गर्दै अमेरिकाले लेडी आर पानीजहाजको विषयलाई लिएर कैयौँ दक्षिण अफ्रिकी अधिकारीहरूसँग चिन्ता व्यक्त गरेको जनाए । उनले 'युक्रेनमा जारी रुसको गैरकानुनी र क्रूर युद्धप्रति समर्थन जनाउने कदम चाल्ने कुनै पनि देशविरुद्ध' अमेरिकाले बोल्ने चेतावनी दिए । यदि पछिल्लो आरोप प्रमाणित भए त्यसले दक्षिण अफ्रिकालाई पुऱ्याउनसक्ने नोक्सानीबारे भने उनले जवाफ दिएनन् ।



**रुस र चीनसँगको सैन्य अभ्यासले निम्त्याएको तरङ्ग**

वासिङ्टनले युक्रेन हमलाको वर्षगाँठको समयमा रुस र चीनसँग भएको सैन्य अभ्यासमा सहभागी हुने दक्षिण अफ्रिकाको कदमप्रति पनि चिन्ता जनाएको थियो । उक्त नौ सैनिक अभ्यास फेब्रुअरी महिनामा १० दिनसम्म चलेको थियो र त्यसलाई विपक्षीहरूले रुसी आक्रमणको अनुमोदन भन्दै आलोचना गरेका थिए । तर दक्षिण अफ्रिकाका अधिकारीहरूले उत्तेजना फैलाउने गरी उक्त अभ्यासको समय तय गरिएको भन्ने आरोप खण्डन गरेका थिए । उनीहरूले फ्रान्स र अमेरिकासहितका देशहरूसँग पनि त्यस्तै प्रकारका अभ्यासहरू हुने गरेका जनाएका थिए ।
विगतमा दक्षिण अफ्रिका रुसी अतिक्रमणलाई निन्दा गर्दै राष्ट्रसङ्घमा भएको मतदानमा तटस्थ बसेको थियो। अमेरिका र युरोपले रुसमाथि लगाएका प्रतिबन्धमा सहभागी हुनसमेत उसले अस्वीकार गरेको थियो । संसद्मा विपक्षी नेताले उठाएको प्रश्नको जवाफ दिँदै राष्ट्रपति रामाफोसाले अमेरिकी राजदूतको प्रतिक्रियालाई ध्यान दिइने बताए । उनले विपक्षी दलहरूलाई उक्त प्रक्रिया पुरा गर्न दिन आग्रह गर्दै उपयुक्त समयमा आफूहरूले त्यसबारे बोल्ने उल्लेख गरेका थिए ।
आरोप प्रमाणित भए कस्तो असर पर्नसक्छ
पछिल्लो दाबी पुष्टि भएको खण्डमा त्यसले दक्षिण अफ्रिकाको तटस्थताको नीतिलाई कमजोर तुल्याउने मात्र नभई रुसले युक्रेनमाथि गरिरहेको आक्रमणलाई साथ दिएको आरोप कतिपयले उसलाई लगाउनसक्ने देखिन्छ । "यदि दक्षिण अफ्रिकाका गोलीहरू युक्रेनी शवहरूमा फेला परे भने, त्यो हामीले चाहेको जस्तो अवस्था हुने छैन," अन्तर्राष्ट्रिय सम्बन्धका एक जना विज्ञले भने । हालसम्म हतियार तथा गोलीगठ्ठाका बारेमा धेरै विवरणहरू आएका छैनन् । सरकारी स्वामित्वको कम्पनी वा दक्षिण अफ्रिकामा रहेको अस्त्र निर्माता कम्पनीबाट कारोबार भएको हो भन्ने पनि प्रस्ट छैन ।
तर यी दुईमध्ये जुनै अवस्थामा पनि त्यसले दक्षिण अफ्रिकाको अन्तर्राष्ट्रिय सम्बन्धलाई राम्रो गर्नेछैन। अमेरिका दक्षिण अफ्रिकाको प्रमुख व्यापार साझेदार हो । पश्चिमा देशहरूले रुसलाई गम्भीर मानव अधिकार उल्लङ्घनका लागि दोषी ठहर गरिरहेका छन् । यदि यो समयमा पछिल्लो आरोप प्रमाणित भएको खण्डमा आफूलाई असंलग्न बताइरहेको दक्षिण अफ्रिकालाई मस्कोको 'नरम साझेदार' का रूपमा कतिपयले लिनसक्ने अवस्था देखिन्छ ।

**मस्कोसँग परम्परागत रुपमा निकट दक्षिण अफ्रिका**

दक्षिण अफ्रिका ब्रिक्स गठबन्धनको सदस्य हो जसमा रुससहित विश्वका अग्रणी अर्थतन्त्र चीन, ब्राजिल र भारत समावेश छन् । देशको सत्तारुढ दल अफ्रिकन न्याशनल कंग्रेसको पनि रुससँग लामो समयदेखि निकट सम्बन्ध रहेको छ । गएको मार्च महिनामा अन्तर्राष्ट्रिय फौजदारी अदालतले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनमाथि पक्राउ पुर्जी जारी गर्दा दक्षिण अफ्रिकालाई कस्तो कूटनीतिक प्रतिक्रिया जनाउने भन्ने निर्णय गर्न अप्ठेरो परेको थियो । पुटिनले युक्रेनमा भएका युद्ध अपराधका लागि जिम्मेवार रहेको आरोप खेपिरहेका छन् । अगस्ट महिनामा दक्षिण अफ्रिकामा हुने ब्रिक्सको शिखर सम्मेलनमा उनले भाग लिने ठानिएको थियो। तर उक्त पक्राउ पुर्जीका कारण आफ्नो देशमा आउने बित्तिकै प्रिटोरियाले उनलाई गिरफ्तार गर्नुपर्ने हुन्थ्यो ।
अघिल्लो महिना रामाफोसाले आफ्नो दलले दक्षिण अफ्रिकाले अन्तर्राष्ट्रिय फौजदारी अदालतबाट अलग हुनुपर्ने निर्णय लिएको बताएका थिए । तर केही घण्टापछि नै उनको कार्यालयले सञ्चारमा 'त्रुटि' भएको भन्दै त्यसलाई सच्चाएको थियो । वर्षौंदेखि दक्षिण अफ्रिकाको अस्त्र उद्योगले राम्रो गरिरहेको छ र त्यहाँ निर्मित हतियार उक्त महादेशभर बिक्री गरिन्छन्। अहिलेको उसको अस्त्र सामर्थ्यको स्तर भने प्रस्ट छैन । दक्षिण अफ्रिकाका अधिकारीहरू अमेरिकी राजदूतको आरोपबाट प्रसन्न देखिदैँनन र उनीहरूले यो विषय उपयुक्त कूटनीतिक माध्यमबाट राखिनुपर्ने धारणा राखेका छन् । कुनै पनि कूटनीतिज्ञले गुप्तचरी जानकारी रहेको भन्दै दाबी गर्नु पर्याप्त हुँदैन र दक्षिण अफ्रिकाका धेरैले अमेरिकाले आफ्नो दाबी प्रमाणित गर्ने आधारहरू प्रस्तुत गर्ने अपेक्षा राख्नेछन् । कुनै बेला अमेरिकाले आम नंरसम्हार गर्नसक्ने अस्त्र रहेको दाबी गरेको थियो जसले इराक युद्ध निम्त्याएको थियो ।विविसी

# संकटालाई पुलिसले गऱ्यो पराजित



**काठमाडौं ।**
सहीद स्मारक ए डिभिजन लिगमा शुक्रबार नेपाल पुलिस क्लबले संकटा क्लबलाई पराजित गर्दै रेलिगेसन क्षेत्र छाडेको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालमा भएको खेलमा दुई विदेशी खेलाडीको गोलमा पुलिसले संकटालाई २-१ ले हरायो । खेलको आठौं मिनेटमै मोसेस ट्वुमले गोल गर्दै पुलिसलाई अग्रता दिलाएका थिए ।
तर २३औं मिनेटमा संकटाका निशान खड्काले गोल गर्दै खेल १-१ को बराबरीमा पुऱ्याए । दोस्रो हाफमा अर्को विदेशी खेलाडी मोहम्मद आशिकले पुलिसका लागि विजयी गोल गरे ।
मोहम्मद आशिकले ७९औं मिनेटमा गोल गर्दै पुलिसलाई जितसहित ३ अंक दिलाए । जारी लिगमा पुलिसको यो पाँचौ जित हो र जितपछि १७ खेल १९ अंक जोडेर पुलिस अन्तिम स्थान छाड्दै ११औं स्थानमा उक्लेको छ । पराजित संकटा १७ खेलबाट २० अंकसहित दशौं स्थानमै कायम छ ।

# यशस्वीको कीर्तिमानी ब्याटिङले राजस्थान विजयी



**जनकपुरधाम ।** इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटमा यशस्वी जयसवालले विष्फोटक ब्याटिङ गरेपछि राजस्थान रोयल्सले सानदार जित हासिल गरेको छ ।बिहीबार राति भएको खेलमा राजस्थानले कोलकाता नाइटराइडर्सलाई ९ विकेटले हराएको हो ।
राजस्थानले १५० रनको लक्ष्य १३.१ ओभरमै पूरा गर्यो । राजस्थानको जितमा यशस्वी जयसवालले नटआउट ९८ र सन्जु सामसनले ४८ रन बनाए ।पहिलो ओभरमै २६ रन बनाएका यशस्वीले १३ बलमै अर्धशतक पूरा गरे । आईपीएलमा यो सबैभन्दा छिटो अर्धशतक बनेको रेकर्ड हो । यसअघि केएल राहुलले १४ बलमा अर्धशतक बनाएको रेकर्ड थियो । जस बट्लर शून्य रनमा आउट भएपछि क्रिजमा आएका सन्जु सामसनले २९ बलमा ३ चौका र ५ छक्काको मद्दतमा नटआउट ४८ रन बनाए ।त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको कोलकाताले निर्धारित २० ओभरमा ८ विकेटको क्षतिमा १४९ रन बनाएको थियो । कोलकाताका लागि वेंकटेस ऐयरले सर्वाधिक ५७ रन बनाए भने नितिश राणाले २२ रन बटुले । बलिङतर्फ ट्रेन्ट बोल्टले २ विकेट लिए ।

# विद्रोह नगर्ने थाइल्यान्डका सेना प्रमुखको वाचा

**रासस**
**बैंकक ।**
थाइल्यान्डका सेना प्रमुखले सैन्य-समर्थित सरकार कमजोर साबित हुन सक्ने आँकलन सहितको राजनीतिक दलहरूलको चुनावी र्‍यालीहरूको अगाडि बढ्दै गर्दा त्यहाँ कुनै राजनीतिक कू को सम्भावना नभएको प्रष्ट पारेका छन् ।
सेनाले थाइल्यान्डमा दर्जनौं पटक सत्ता कब्जा गरे पनि जनरल नारोङपान जितकाउथले सन् २०१४ मा त्यस्तो नदोहोरिने वाचा गरेका थिए ।



मतदाताहरूले पूर्व सेना प्रमुख र विद्रोही नेता प्रधानमन्त्री प्रयुत चान-ओ-चाको सरकारको पराजय हुन सक्ने भविष्यवाणी गरिरहँदा सेना सत्तामा टाँसिने प्रयास गर्न सक्छ भन्ने डर भने आम जनतामा रहेको छ ।तर नारोङपानले बिहीबार पत्रकार सम्मेलनमा विगतका विद्रोहहरू "धेरै नकारात्मक" भएको भन्दै सैन्य शासनमा फर्किने अवस्था नरहेको बताएका छन् । "त्यहाँ अब (कू) हुनु हुँदैन। मेरो लागि, यो शब्द शब्दकोशबाट मेटाइनुपर्छ," उनले भनेका छन् । आइतबारको चुनाव पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्राकी ३६ वर्षीया छोरीले नेतृत्व गरेको फेउ थाईको नेतृत्वमा रहेको विपक्षी र प्रयुतले मूर्त रूप लिएको पुरानो रूढिवादी शाहीवादी-सैन्य शक्तिबीचको भीडन्तको रूपमा हेरिएको छ ।
फेउ थाई चुनावमा अगाडि देखिएको छ र तल्लो सदनमा धेरै सिट जित्दा पनि सत्ता हात पार्ने कुनै निश्चितता भने छैन। प्रधानमन्त्रीलाई ५०० निर्वाचित सांसद र २५० सिनेटले छनोट गर्नेछन् - जसका सदस्यहरू सेनाको पक्षमा रहेका र प्रयुतको जन्टाले नियुक्त गरेका थिए । फेउ थाईको मुख्य विपक्षी प्रतिद्वन्द्वी मुभ फर्वार्ड पार्टीले भने पुरानो राजनीतिक प्रणालीप्रति गहिरो असन्तुष्टि व्यक्त गर्ने युवा समूहको को व्यापक समर्थन पाएको छ ।
यता ६९ वर्षीय प्रयुतले देशको यो जटिल कालखण्डमा राज्य सञ्चालनका निम्ति अनुभव भएका व्यक्तिको रूपमा आफूलाई प्रस्तुत गरेका छन् ।

# पिकलबलमा सुवेदीले प्रतिस्पर्धा गर्ने



**काठमाडौं ।**
स्पेनको क्याडिज सहरमा आयोजना हुने प्रथम अष्ट्रिया स्प्रिङ खुला पिकलबल प्रतियोगितामा नेपालका ज्याक्सन सुवेदीले प्रतिस्पर्धा गर्ने भएका छन् ।
आगामी जेठ ५ र ६ गते हुने उक्त प्रतियोगितामा नेपालबाट सुवेदीले भाग लिने भएका हुन् । उनलाई नेपाल पिकलबल सङ्घका अध्यक्ष उमेशकुमार आचार्यले शुक्रबार यहाँ आयोजित कार्यक्रममा सफलताको कामना गर्दै नेपाली झण्डा प्रदान गरेर बिदाइ गर्नुभयो ।
सबै उमेर समूहका खेलाडीले खेल्न मिल्ने यो खेल युरोप र अमेरिकामा निकै लोकप्रिय छ । नेपालमा पनि यसको विभिन्न खेल भइसकेको र भारतमा आयोजना भएका प्रतियोगितामा पनि नेपाली खेलाडीले प्रतिस्पर्धा गर्दै पदक हात पार्न सफल भइसकेका छन् । खेलाडी सुवेदी यही वैशाख ३१ गते स्पेन प्रस्थान गर्ने कार्यक्रम छ ।रासस

# इमरान खानको गिरफ्तारी गैरकानुनी

**जनकपुरधाम ।**
पाकिस्तानको सर्वोच्च अदालतले देशका पूर्वप्रधानमन्त्री इमरान खानको गत मङ्गलवार गरिएको गिरफ्तारी गैर कानुनी रहेको आदेश दिएको छ ।
अदालतले खानलाई तत्काल रिहा गर्ने आदेश दिएको छ । भ्रष्टाचार सम्बन्धी एक मुद्दालाई लिएर यसै साता उनलाई नाटकीय रूपमा अदालत परिसरबाटै पक्राउ गरिएको थियो ।मङ्गलवारयता खानलाई राजधानी इस्लामावादस्थित एक प्रहरी गेस्टहाउसमा राखिएको छ । उनलाई त्यहाँबाट निस्किन दिइन्छ या दिइँदैन भन्ने कुरा अझै प्रस्ट भएको छैन । आफ्नै निवास फर्कन खानले गरेको आग्रहलाई न्यायाधीशहरूले अस्वीकार गर्दै आफ्नै सुरक्षाका लागि अहिलेकै ठाउँमा बस्नुपर्ने बताएका छन् । उनका वकिलहरूले उक्त गिरफ्तारी गैर कानुनी रहेको तर्क गरेका थिए भने उनको दल पाकिस्तान तहरिक-ए-इन्साफ (पीटिआई)ले त्यो राजनीतिक रूपमा प्रेरित रहेको जनाएको थियो । खानको पक्राउसँगै पाकिस्तानभर चर्किएको प्रदर्शनका क्रममा कम्तीमा १० जनाको मृत्यु हुनुका साथै २,००० भन्दा धेरै मानिसहरू पक्राउ परेका थिए । मङ्गलवारको गिरफ्तारीले खान र सेनाबिच समेत तनाव उत्पन्न गराएको थियो । गत वर्ष एप्रिलमा विश्वासको मत प्राप्त गर्न विफल भएपछि सत्ताबाट हटेका विपक्षी नेता खानलाई प्रधानन्यायाधीशको आदेशमा अदालतमा प्रस्तुत गरिएको थियो । प्रधानन्यायाधीश उमर अता बन्दियालले खानलाई भनेः "तपाईंको गिरफ्तारी अवैध थियो त्यसैले पूरा प्रक्रियाबाट पछाडि हट्नुपर्ने हुन्छ । पूर्व क्रिकेट खेलाडी खानले न्यायाधीशहरूलाई आफूलाई उच्च अदालतबाट अपहरण गरिएको र "लठ्ठीले हिर्काइएको" बताए ।
चार वर्षभन्दा कम समय सत्तामा रहेका खानको गिरफ्तारीपछि समर्थकहरूले पाकिस्तानमा दुर्लभ रूपमा हुने सरकारी तथा सैन्य भवनहरूमा आक्रमण गरेका थिए । उनको गिरफ्तारीपछि पक्राउ पर्नेमा सातजना शीर्ष पीटिआई नेताहरू समेत छन् । जसमध्येका पूर्व विदेशमन्त्री शाह महमूद कुरैशीले "हिंसा उकासेको" प्रहरीले जनाएको छ जसलाई उनले अस्वीकार गरेका छन् । धेरै विश्लेषकहरूले सन् २०१८ मा खानले सैन्य सहयोगमा चुनाव जितेको ठान्छन् ।
तर पदबाट हटेपछि उनी सेनाको सबैभन्दा प्रखर आलोचक बनेका छन् । सन् २०२२ को नोभेम्बरमा एक विरोध जुलुसका क्रममा खानको खुट्टामा गोली प्रहार भएको थियो । उनले वरिष्ठ गुप्तचरहरूले उक्त हमला गराएको आरोप लगाएका थिए जसलाई सेनाले कडा रूपमा अस्वीकार गरेको छ ।विविसी

# महिलाले ट्विटरको नेतृत्व गर्नेः मस्क

**रासस**
**वाशिङ्गटन ।**
ट्विटरका प्रमुख कार्यकारी एलोन मस्कले एकजना महिलाले ट्विटरको नेतृत्व गरने बताएका छन् । यसको नेतृत्वका लागि एनबीसीयुनिभर्सलमा ग्लोबल विज्ञापन र साझेदारीको अध्यक्ष लिन्डा याकारिनोलाई नियुक्त गर्न लागेको न्युयोर्क टाइम्सले उल्लेख गरेको छ । न्युयोर्क टाइम्सका अनुसार नाम न छाप्ने शर्तमा एकजना अधकारीले यसको प्रक्रिया नकै अगाडि बढेको बताएका छन् ।
उनका अनुसार याकारिनो मस्कसँग गत हप्तादेखि छलफलमा चलिरहेको छ। गत महिना, याकारिनोले मियामीमा एक विज्ञापन कार्यक्रममा मञ्चमा मस्कसँग अन्तर्वार्ता लिएको समाचार सार्वजनिक भएको छ । यसअघि बिहीबार पनि मस्कले ट्वीटरका लागि प्रमुख कार्यकारी चयन गरेको तर परिचय भने नखुलाएको बताइएको छ ।
यस्तै वाल स्ट्रीट जर्नलले पनु याकारिनो मस्कसँग वार्तामा रहेको उल्लेख गरेको छ ।
गत वर्ष ४४ अर्ब अमेरिकी डलरमा ट्वीटर किनेका मस्कले प्रमुख कार्यकारीको नियुक्ते फरक व्यक्तिको भए पनि कम्पनीमा बलियो पकड कायम राख्नेछन् ।ट्विटरको मालिकको रूपमा उनले यसका ७,५०० कर्मचारीहरू मध्ये ७५ प्रतिशत भन्दा बढी हटाउने र अनेक किसिमका सेवा सुविधाहरू र रणनीति परिवर्तन गरेर यसमा आफ्नो पकड बलियो बनाएका थिए । निवर्तमान सीईओले भर्खरै ट्विटरमा अर्को अपडेट थप्ने घोषणा गर्का छन् जसले यसको प्रयोगकर्ताहरूलाई ईन्क्रिप्टेड सन्देश सेवामा प्रारम्भिक पहुँच गर्न अनुमति दिनेछ ।
अपडेट हाल प्रमाणित प्रयोगकर्ताहरूको लागि मात्र उपलब्ध छ ।यसअघि मे ११ मा मस्कले इन्क्रिप्टेड मेसेजिङको प्रारम्भिक संस्करण शुरु भइरहेको बारे अपडेट गर्दै ट्वीट सार्वजनिक गरिएको थियो ।

# मनमोहक मौलापुर बसपार्क

**मधेशदृष्टि**
**वीरगंज ।**
बसपार्क भन्नेबित्तिकै हाम्रो मानसपटलमा के पर्छ ? त्यही थोत्रो बसको गोदामजस्तो लाग्ने ठाउँ । शौचालय जानै मन नलाग्ने, फोहोर, दुर्गन्धको हरकले बिरामी होलाजस्तो ! भित्र गयो पानी छैन, पिशाबका लेउले चिप्लिएर लडिएला भन्ने डर । अनि उस्तै कर्कस आवाज गरेर 'जाने हो' भन्दै हातै तान्ने, झोलै खोस्ने यातायात मजदुरको व्यवहार । औसत नेपालका बसपार्क यस्तै छन् । यो भन्दा फरक पाउन गाह्रै छ ।


फाइल तस्बिरः २०७९ साउन ११ गते बसपार्क उद्घाटन गर्दै पूर्वमन्त्री प्रभु मन्त्री ।

तर सहरी कोलाहलभन्दा पर, ग्रामीण बस्तीमा यस्तो बसपार्क पनि छ, जहाँ तपाईं बस चढ्न होइन, आराम गर्न पनि जाउँजाउँ लाग्ने माहौल छ । वीरगंगबाट कलैया हुँदै रौतहटको मौलापुरमा यस्तै भव्य, आकर्षक र बसपार्कको परिभाषा नै अलग बनाइदिने बसपार्क बनेको छ । पहिला यही गाउँ दुर्गम थियो, यातायातका साधन गाउँ पुग्न सक्थेन, पुग्नेहरु कहिले गौर हुँदै चन्द्रपुर घुमाएर समय लगाउँथे, कहिले गाडी भरिएन भन्दै कलैया र वीरगंज ल्याएर दिन बिताइदिन्थे । तर आज सडक, बसपार्कसँगै बस्ती विकासको योजनावद्ध प्लटिङ, फार्मिङले मौलापुर बदलिएको छ । छेउकै बाराको भूभाग र रौतहटको अर्को स्थानीय तह पुग्नेबित्तिकै फरक देखिन्छ । तर मौलापुर सफा, आकर्षक र मनमोहक छ । पहिलोपटक पुग्नेहरु भन्छन्, 'यो बसपार्क हो र, पार्क जस्तो पो लागेर घुम्न आएको त !'नेकपा एमाले स्थायी कमिटी सदस्य एवम् सहरी विकास मन्त्री हुँदा प्रभु साहले आफ्नो भूगोलका जनतालाई दिएको एउटा विकासे 'गिफ्ट ह्याम्पर' हो मौलापुर बसपार्क । २०७९ साउन ११ गते उनैले बसपार्क उद्घाटन गरे । स्मार्ट सहर निर्माण अभियानअन्तर्गत साहले बसपार्क बनाउन मिहिनेत गरे । यति मात्र होइन, रौतहटको सबैभन्दा ठूलो बसपार्क बन्यो मौलापुर बसपार्क । मधेश प्रदेशकै नमूना बसपार्क बन्यो मौलापुर बसपार्क । साढे चार बिघा क्षेत्रफलमा बसपार्क निर्माण भएको छ । आफैँ सहरी विकास मन्त्री हुँदा साहले शिलान्यास गरे, १३ करोड रुपैयाँ बसपार्कका लागि व्यवस्थापन गरे, बसपार्क बनेपछि उद्घाटन गरे । बसपार्कमा प्रशासनिक भवन, टिकट काउन्टर, यात्रु प्रतिक्षालय, सुविधासम्पन्न शौचालय तथा फराकिलो बस पार्किङ क्षेत्र छ । 'नेपालमै नभएको सुविधा छ मौलापुर बसपार्कमा,' सम्पूर्ण बारा यातायातका अध्यक्ष अच्युत पौडेलले भने, 'बसपार्कमा सवारी चालकका लागि बस्ने सुविधासम्पन्न तीन वटा कोठा निःशुल्क उपलब्ध छन्, बसपार्कले सहरकै मुहार फेरेको छ ।' आफ्नो गाउँको विकासमा नमूना काम गरेका प्रभु साह २०७९ मंसिर ४ गते भएको संघीय निर्वाचनमा स्वतन्त्र उम्मेदवारका रुपमा विजयी भए ।








अहिले उनी आमजनता पार्टीका अध्यक्ष छन् । मौलापुर बसपार्क पुग्नु भयो भने तपाईं प्रभु साहको प्रशंसा सुन्नु मात्र हुन्न, फर्किएपछि भन्नुहुनेछ, 'साँच्चै प्रभु साहले मौलापुरमा काम चैं गजब गरेका रहेछन् है !'

# 'तरलता अभावले निजी क्षेत्र हतोत्साहित'




**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले मुलुकको संविधानको मर्मअनुरुप नै प्रादेशिक स्तरीय महासंघ गठन गरेको बताउँदै प्रदेश महासंघको संस्थागत विकास र क्षमता अभिवृद्धिका लागि नेपाल उद्योग वाणिज्य महासंघले स्रोत साधन उपलब्ध गराउने बताएका छन् ।

महासंघ-मधेश प्रदेशले वीरगंजमा गरेको महासंघका नवनिर्वाचित पदाधिकारीको स्वागत कार्यक्रममा अध्यक्ष ढकालले अहिले देखिएको आर्थिक शिथिलता, उद्योग व्यापारको खस्कदो अवस्था, राजस्व संकलनमा आएको गिरावट र बैंक तथा वित्तीय संस्थामा देखिएको तरलता अभावका कारण निजी क्षेत्र हतोत्साहित हुन पुगेको बताए । उनले यस्तो परिस्थितिको निराकरण गर्न महासंघले सरोकारवालासँग भेटेर समस्या समाधानका लागि पहल गरिरहेको बताए ।

पछिल्लो समयमा महासंघ ठूला उद्योगीको मात्र संस्था भएको आरोप लाग्ने गरेकामा ढकालले आफ्नो कार्यकालमा यस्तो आरोप खारेज गर्ने र साना, मझौला र समग्रमा सबै निजीक्षेत्रको साझा संस्थाका रुपमा महासंघलाई परिचित गराउन नेतृत्व क्रियाशील रहने बताए । 'निजी क्षेत्रको मर्यादाक्रम निर्धारण गर्ने विषय उठिरहेको छ, यसलाई पनि कसरी स्थापित गर्न सकिन्छ त्यसतर्फ पहल गरिनेछ,' ढकालले भने ।

महासंघ-मधेश प्रदेशका अध्यक्ष अशोककुमार टेमानीले प्रदेशस्तरीय उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघबीचका अन्तरसम्बन्धलाई नयाँ ढङ्गबाट परिभाषित गर्नुपर्ने बताउँदै मुलुकका सामु विद्यमान आर्थिक अन्योल र बिग्रँदो सुशासनको अवस्थाले निजी क्षेत्र निरास भएको बताए ।

वीरगंज र मधेश प्रदेशले बोकेको अपार आर्थिक सम्भावना र अवसरलाई राष्ट्रिय प्राथमिकताको बह( समा ल्याउन महासंघका अध्यक्ष ढकाललाई आग्रह समेत गरे ।

कार्यक्रममा दोहोरो कर, चालु पूँजी कर्जा निर्देशिका २०७९, भन्सारबाट छुटेका मालबाहक सवारी साधनलाई आशंकाका भरमा प्रहरीले समातेर राजस्व अनुसन्धानमा बुझाउने बढ्दो प्रवृत्ति, पर्सामा एउटा छुट्टै औद्योगिक क्षेत्रको सञ्चालन, भन्सार, राजस्वसँग सम्बन्धित नीतिगत जटिलता लगायतका विषय निराकरण गर्न सहभागीले सुझाव दिए ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष सुरकृष्ण वैद्य, हेमराज ढकाल, ज्योत्सना श्रेष्ठ, कोषाध्यक्ष निरक केसी, केन्द्रीय सदस्य डा.सुबोध कुमार गुप्ता, महासंघ-मधेश प्रदेशका निवर्तमान अध्यक्ष गणेश प्रसाद लाठ, महासंघ-मधेश प्रदेश उपाध्यक्ष जितेन्द्र महासेठ, वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल कुमार अग्रवाललगायतको उपस्थिति थियो ।

# पिछडा वर्गको सार्वजनिक सुनुवाई

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
पिछडा वर्गको पहिचानतथा उत्थान उच्च स्तरीय सुझाव समितिले अध्ययन प्रतिवेदन विषयमा शुक्रबार जनकपुरधाममा सार्वजनिक सुनुवाई गरेको छ । जिल्ला विकास समितिको सभा हलमा सार्वजनिक सुनुवाई कार्यक्रममा प्रदेश सरकारले प्रदान गरेको सीमित बजेटमा रहेर अध्ययन प्रतिवेदन तयार गरेको समितिका सदस्य भरतप्रसाद महतोले जानकारी दिएका छन् । प्रदेश सरकारले प्रतिवेदन तयार गर्नका लागि समिति नै निर्माण गरेका थिए । समितिले विभिन्न जिल्लाहरुको भ्रमण गरेर प्रतिवेदन तयार पारेको समितिका सदस्य महतोले जानकारी दिएका छन् । विभिन्न जिल्लाहरुको भ्रमण गरेर पिछडा वर्गका व्यक्तिहरुको आर्थिक, सामाजिक विकासका लागि विभिन्न विषयहरु समेटेर प्रतिवेदन तयार पारेको महतोले जानकारी दिए । विगतमा पिछडा वर्गका लागि छुट्याएको रकम गत वर्ष फ्रिज भएको र यस पटक रहेको ५ करोड रकम फ्रिज हुने संकेत रहेकाले पिछडा वर्गको उत्थान तथा विकासका लागि समयमा नै बजेट परिचालन हुनु पर्ने माग गरिएको छ ।गत वर्ष ३९ लाख ६३ हजार बजेट फ्रिज भएको ओविसीले जनाएको छ । अध्ययन प्रतिवेदन चाडै सार्वजनिक गर्ने जनाएको छ ।




# तीनपुस्ताको ४८ वर्ष यातायातमा

**मधेशदृष्टि**
**वीरगंज ।**
अच्युत पौडेल । बारामा उनको परिचय अनेक छ । अलि अघिल्लो पुस्ता उनलाई कन्सर्ट आयोजकका रुपमा चिन्छन् । अहिलेको पुस्ता रेडियोमा पनि पौडेललाई भेट्छन् । यातायात व्यवसायीका रुपमा पनि चिनिन्छन् । हो, अलग अलग परिचय छ पौडेलको ।



पौडेल सम्पूर्ण यातायात व्यवसायी संघ बाराका अध्यक्ष हुन् । उनी रेडियोका सञ्चालक पनि हुन् । भन्छन्, 'जिन्दगी यस्तै छ, झण्डै १ सय ५० वटा जति म्युजिक कन्सर्ट गर्दै देश घुमेँ, सुरुमा मेरो पेसा नै यही थियो, अहिले फेरि बस व्यवसायमा जोडिएको छु ।'

उसो त पौडेल यो पेसामा आएका नयाँ अनुहार होइनन् । यसअघि उनका बुबा पनि थिए । बुबाअघि हजुरबुबा पनि यही पेसामा थिए । 'तीन पुस्ता एउटै व्यवसायमा जोडियौँ,' मौलापुर बसपार्कमा भेटिएका पौडेलले भने, ' हजुरबुबा ईश्वरी पौडेलपछि बुबा अशोक पौडेलले गरेको काममा अहिले म पनि जोडिएँ, अरु काम गरे पनि अहिले बस व्यवसाय नै प्रमुख भएको छ, यातायात व्यवसायीको अध्यक्ष पनि भएको छु ।'



*एकै परिवारका तीन पुस्ता यातायातमा संलग्न भएबापत प्राप्त टाटा डिएनए अवार्ड ।*


३५ वर्षअघि यातायात व्यवसायीबीचमा अशोक पौडेल (बीचमा कालो सर्ट लगाएको)

सन १९७५ अर्थात् ४८ वर्षअघि पौडेलका हजुरबुबाले यायायात व्यवसायमा हात हाले । 'अब दुई वर्षपछि त ५० वर्ष पो पुग्दैछ,' पौडेलले भने, 'तीन पुस्ता एउटै क्षेत्रमा होमियौं, लाग्यौं, ४८ वर्ष यसैमा छौं ।' उनले हजुरबुबाले भारतको जालन्धरबाट बस किनेर ल्याएर पेसा सुरु गरेको सुनाए । बारामा यातायात व्यवसायी संघको घर निर्माणताका पौडेलका बुबा अशोक यातायात व्यवसायीका नेता थिए ।

'यही पेसाले हामीलाई सडकमा पनि ल्यायो, फेरि हामीलाई माथि पनि पुऱ्यायो,' पौडेल सुनाउँछन्, 'हामीले यातायात व्यवसाय छाडेनौं, यातायात व्यवसायले पनि हामीलाई छाडेन ।'

'समय अनुसारका साधनहरुमार्फत सेवा गऱ्यौं,' पौडेल भन्छन्, ' अहिलेएयरकन्डिसनसहित चार थरिका गाडीमार्फत यातायात सेवा दिइरहेका छौं ।' विगत सम्झँदै पौडेल भन्छन्, ' गाउँको बाटो, सडक थिएन, खाल्डाखुल्डी थिए, इँटका टुक्रा किनेर खाल्डो भरेर गाडी चलाउथ्यौं ।' उनले अहिले बाटो सुगम भएको बताए ।

'सेवा राम्रो दिने हो भने यात्रु कम छैनन्, अहिले त भारत नजिक बसपार्क छ, भारतीय बजार घोडासनदेखिका यात्रु हाम्रो सेवा लिइरहेका छन्,' पौडेलले भने, 'हाम्रो बस भक्तपुरसम्म जाने भएकाले पशुपति जाने, विदेश जानेहरुलाई कलंकीबाट ट्याक्सी चढ्न नपर्ने रुटमा चलाएका छौं, उनीहरुको ट्याक्सी भाडा पनि जोगिएको छ, यात्रु हाम्रो सेवाबाट खुशी छन् ।'' यहाँबाट काठमाडौंको भाडा १ हजार १ सय रुपैयाँ लिने गरेका छौं,' पौडेलले भने, 'पहिला गौर हुँदै चपुर घुमेर जाँदा यात्रुलाई टाढा पर्थ्यो ।

अहिले पिलुवा हुँदै निस्केर काठमाडौं जाने भएकाले यात्रुलाई सहज भएको छ ।' हजुरबुबाले थालेको पेसामा सक्रिय पौडेल मधेशमा रेडियो स्थापनाकालदेखि नै सक्रिय रेडियो सञ्चालक पनि हुन् । उनीहरुको तीन पुस्ता यातायातमा संलग्न भएबापत टाटा कम्पनीले डिएनए अवार्ड पनि दिएको छ ।







मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन